मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २८७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ १७ गते मंगलबार (Tuesday, September 4. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



한국어

कोरियन भाषा

का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी

FAST TRACK

Education Consultancy (P) Ltd., Birtamode

Shanischare Road, Birtamode-5, Jhapa

फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४





## भद्रपुरवासीको पीडा

# मृत्यु नेपालमा, अन्त्येष्टि भारतमा !

पार्थ मण्डल

**भद्रपुर, भदौ १६।** सुन्दा पनि अचम्म लाग्छ ! मानिस मर्छ एउटा भूमिमा, दाहसंस्कार गरिन्छ अर्को भूमिमा । यस्तै चलन चल्दै आइरहेको छ विगत केही वर्षदेखि झापा जिल्लाको भद्रपुर नगरमा ।

नेपालको भद्रपुर र भारतको गलगलियालाई मेची नदीले जोडेको छ । मेची नदी बग्ने अधिकांश भूमि नेपालमै पर्छ, तर त्यसमध्ये नदीको केही भाग भारतीय भूमिले छोएको छ । नगरभित्रका मानिस मरेपछि उनको दाहसंस्कार गराउन तिनका परिवारजन र मलामीले भद्रपुर- ५ स्थित मेची किनार लाने गरेका छन् ।

मेची पुलदेखि पाँच मिटर दक्षिण नदीको बगर छेउमै पुगेर दाहसंस्कार गर्ने गरिन्छ । भद्रपुर- ५ स्थित मेची नदीमा दाहसंस्कार गर्ने निश्चित स्थान छैन । निश्चित स्थान नहुँदा नदीको पानी बग्ने छेउमै जमिन खोजेर शवको अन्त्येष्टि गरिन्छ । शवको दाहसंस्कार गरिने उक्त स्थान भारतमा पर्छ । नेपाल-भारतको १०२ र १०२/३ सीमा पिलर नम्बरदेखि पूर्वपट्टिको भाग भारत पर्छ, दशगजा क्षेत्रदेखि पनि सय मिटर भित्र । भारतीय भूमिमा नेपालीको शव जलाउँदा समेत भद्रपुर नगरपालिकाका जनप्रतिनिधिले यसतर्फ खासै चासो दिएका छैनन् ।

'अहिले शव जलाउँदै गरेको ठाउँ भारतमै पर्छ'- वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले भने । 'सीमा पिलरदेखि ३०.३० मिटर भित्रको क्षेत्र दशगजा हो'- उनले भने- 'दशगजादेखि पनि सय देखि डेढ सय मिटर पर पुगेर शव जलाइन्छ, त्यो भारतीय भूमि हो ।'

'अहिलेसम्म भारतीय पक्षले शव जलाउन अवरोध



गरेको छैन'- स्थानीय अरुप घोषले भने- 'अवरोध गरेका दिन कहाँ लगेर दाहसंस्कार गर्नु, यस विषयमा कसले सोच्ने हो ।' 'शव जलाउन मेची छाडेर देउनिया कि हँडिया खोला पुग्नु पर्ने हो ? त्यो कुरा जनप्रतिनिधिले हामीलाई भनिदिनु पर्‍यो'- उनले भने ।

**मलामीको ज्यान जोखिममा, एकको मृत्यु**

भद्रपुर नगरपालिकाले मेची नदी किनारमा मलामी घरसहित शव जलाउने सुविधायुक्त घाट नबाइदिँदा मलामीको ज्यान जोखिममा रहेको पाइएको छ । मेची नदी, त्यसमाथि खुल्ला आकाशमुनि घण्टौं बसेर शव जलाउँदा मलामी र तिनका परिवारको ज्यान सुरक्षित छैन । गर्मी मौसममा घाम, मनसुनमा हावाहुरी-पानी-चट्याङ र हिउँदमा शीत र जाडोको समस्याले अरूको शव जलाउन जाँदा आँफै मरिने हो कि भनेर स्थानीय चिन्तित छन् ।

गत २०७६ साल जेठ २९ गते छिमेकीको मलामी गएका एक व्यक्तिको अत्यधिक गर्मीका कारण मृत्यु भएको थियो । मृत्यु हुनेमा भद्रपुर नगरपालिका-६ बस्ने ६० वर्षीय सीताराम यादव रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीका अनुसार भद्रपुर- ६ बस्ने १८ वर्षीय रोहन यादवलाई मेची नदीमा दाहसंस्कारका लागि लगिएको थियो । सीताराम बुधवार दिउँसो रोहनको मलामी गएका थिए । बिरामीसमेत रहेका सीताराम त्यहीँ बेहोस भएको र उनको उपचारको क्रममा मृत्यु भएको थियो । त्यही मलामीमा गएका भद्रपुर- ६ बस्ने राजु यादव पनि अत्यधिक गर्मीका कारण मेची नदी किनारमै बेहोस भएका थिए । मलामी घर नहुँदा भद्रपुरमा यस्तो दुर्घटना भइरहेको छ ।

**योजनामै पर्दैन दाहसंस्कार व्यवस्थापन**

भद्रपुर नगरपालिका कार्यालयको स्थापना वि.सं. २००८ सालमा भएको हो । नेपालकै पुरानो नगरपालिकाको जिम्मेवारी पञ्चायत, बहुदलका जनप्रतिनिधिदेखि कर्मचारीको २० वर्षीय शासन हुँदै पुनः लोकतन्त्र पद्धतिबाट निर्वाचित जनप्रतिनिधि आएर सम्हाल्दै छन् । तर, अहिलेसम्म भद्रपुर -५ स्थित मेची नदी किनारमा दाहसंस्कारको उचित व्यवस्थापनका लागि नगरपालिकाले एक रुपैयाँ बजेट छुट्ट्याएको छैन ।

मेची किनारमा शव जलाउने ठाउँ नगरकै पुरानो घाट हो । नगरपालिकाले मेची किनारको घाट छाडेर अन्यत्र दाहसंस्कार व्यवस्थापनका लागि पहुँचको आधार मात्र बजेट निकासा गर्ने गरेको स्थानीयवासीको आरोप छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## तृष्णा पानीमा किरा भेटियो




**बिर्तामोड,भदौ १६।** तृष्णा नामको प्रशोधित पिउने पानीमा किरा भेटिएको छ । बिर्तामोड नगरपालिका - ६ बाट उत्पादित मिनिरल वाटरको शिलवन्दी बोतल भित्रको पिउने पानीमा किरा भेटिएको हो ।

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड नजिकैको एक पसलमा किनिएको मिनिरल वाटर बोतलभित्र सेतो रंगको किरा भेटिएको थियो ।

बिर्तामोडका स्थानीय डिल्लीराम दाहालले औषधि खान मिनिरल वाटर किनेको र लेदो जस्तो देखिएपछि बोतल नियालेर हेर्दा किरा भेटेपछि उनी मिनिरल वाटरको बोतल सहित पूर्वाञ्चल दैनिकको कार्यालयमा आएका थिए ।

उनीसँगै बिर्तामोड-१ का अर्जुन उप्रेतीसमेत पानीको बोतलसहित पूर्वाञ्चल आएर तृष्णा नामको पानी उत्पादक कम्पनीले उपभोक्ताको स्वास्थ्यसंग खेलवाड गरेको बताए । उनले भने- 'डिल्लीरामजी बिरामी हुनुहुन्थ्यो, दवाई खान पानी किन्यौं, पानी धमिलो जस्तो देखेपछि नियालेर हेर्दा बोतल भित्रै सेतो किरा देखियो ।'

किरा सहितको १ लिटरको उक्त पानीको बोतल पूर्वाञ्चल दैनिकसँग

(बाँकी अन्तिम पृष्ठमा)

## तीन नेपाली एटीएम बुथबाट पक्राउ

**झापा, भदौ १६।** बैंकहरुमा ह्याक गरेर पैसा चोरी गर्ने चिनियाँ टोली पक्राउ गरे लगत्तै प्रहरीले विभिन्न बैंकहरुका एटीएम बुथबाट पैसा चोर्ने तीन नेपालीसहित चार जनालाई पक्राउ गरेको छ ।

सोमबार डेक्सो मनी एक्सचेन्जका सञ्चालक रविकुमार लामिछाने भन्ने वेदनाथ लामिछाने, नेपालय मनी एक्सचेन्जका सञ्चालक रोशन प्रधान र म्यानेजर रेवती दबाडी पक्राउ परेका हुन् । यस्तै आइतबार राति चिनियाँ मूलका एक फ्रेन्च नागरिक छु लुक्ली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए । लुक्ली महानगरीय प्रहरी परिसरले शनिबार पक्राउ गरेका पाँच जना चिनियाँ नागरिकका साथी रहेको पुष्टि भएको छ ।

परिसरका प्रवक्ता होविन्द्र बोगटीका अनुसार उनको साथबाट ६ हजार अमेरिकन डलर बरामद भएको छ । एटीएमबाट चोरेको २९ लाख ९९ हजार नेपाली रुपैयाँ उनीहरुले विभिन्न मनी ट्रान्सफरमार्फत् साटेको प्रहरीको अनुसन्धानले देखाएको छ । प्रहरीले पछिल्लोसमय बैंकमा ह्याक गरेर रकम चोरी गर्ने गिरोहलाई निगरानीमा राखेको बताइएको छ ।

# पैसा लिएर नागरिकता दिने पाँच पक्राउ

**बिर्तामोड, भदौ १६।** आर्थिक प्रलोभनमा परी १६ जना गैर नेपालीलाई नेपाली नागरिकता दिलाएको आरोपमा जिल्ला प्रशासन कार्यालय झापाका खरिदार तेजिन्द्र न्यौपानेसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला प्रशासन कार्यालय झापाका खरिदार न्यौपानेसहित भद्रपुर निवासी टेकवहादुर गुरुङ, लोकराज बराल, प्रेमराज तिमल्सिना र भीमवहादुर लिम्बू रहेका छन् । पक्राउ परेका बराल बिर्तामोड नगरपालिका - ८ का वडा सचिव हुन् । पक्राउ परेका पाँचै जनालाई जिल्ला प्रहरी कार्यालय झापामा राखेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए । उनले घटनामा सम्लग्न अन्य व्यक्तिलाई समेत नियन्त्रणमा लिन बाँकी रहेकाले सबै कुरा भन्न नमिल्ने बताए ।

गैरकानूनी रूपमा गैरनेपालीलाई नागरिकता दिएको भन्दै गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय झापाका प्रशासकीय अधिकृतसहित तीन कर्मचारीलाई निलम्बन गरी यसअघि नै छानबिन शुरु गरेको थियो । निलम्बनमा पर्ने कर्मचारीहरुमा जिल्ला प्रशासन कार्यालय झापाका प्रशासकीय अधिकृत गौरव ढुंगेल, नायब सुब्बा मेघराज निरौला र खरिदार तेजिन्द्र न्यौपाने छन् । उनीहरुले 'सेटिङ'मा गैरनेपालीलाई नागरिकता दिएको आरोप छ ।

गैरनेपालीलाई नागरिकता दिन सिफारिस गर्ने भद्रपुर नगरपालिका-९ का वडाध्यक्ष शनिलाल राजवंशीमाथि समेत छानबिन थालिएको बताइएको छ । प्रशासन स्रोतका अनुसार २०७३ सालदेखि २०७६ सालसम्ममा १६ जना गैरनेपालीलाई नागरिकता दिइएको छ । उनीहरुलाई नागरिकता दिँदा जिल्ला प्रशासन कार्यालय झापाका खरिदार तेजिन्द्रले सनाखत गराएका थिए भने नायब सुब्बा निरौलाले टिप्पणी पेश गराएको आरोप छ । त्यसपछि अधिकृत ढुंगेलले नागरिकता जारी गरेको बताइएको छ ।

यसरी विभिन्न समयमा १६ जनाको नागरिकता जारी गर्दा नौ जनाको बाबु एउटै कायम गरिएको छ । गृह मन्त्रालयले नक्कली नागरिकता जारी गर्ने कर्मचारीलाई निलम्बन गर्दै कर्मचारी र नागरिकताबारे थप छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)लाई जिम्मेवारी दिएको बताइएको छ । गैरनेपालीलाई नागरिकता दिँदा विभिन्न बिचौलियामार्फत नक्कली जन्मस्थान कायम गराएको पनि पाइएको छ । नागरिकता वितरण गर्दा टेकबहादुर गुरुङ र रीना गुरुङलाई बुवाआमा कायम गर्दै नौ जनालाई नागरिकता दिइएको पाइएको हो ।

टेकबहादुर र रीनालाई बुवा आमा कायम गरेर नागरिकता लिनेमा नवाङ सिसाप गुरुङ, रिगजेन छोदेन गुरुङ, धोनसेल गुरुङ, वाङ्मो गुरुङ, डोल्मा गुरुङ, पेमा डोल्कर गुरुङ, छिरिङ डिकी गुरुङ र लोब्सान गुरुङ छन् । उनीहरु सबैको ठेगाना झापा कायम गरिएको छ ।

यसैगरी, गैरकानूनी रूपमा नागरिकता पाउनेमा धाइजन-६ झापाका लाक्पा सेर्पा, सञ्जय अग्रवाल, अयुव आलम, ज्योति विश्वास दास, नवाङ डेचेङ तामाङ लगायत छन् । गृह स्रोतका अनुसार जिल्ला प्रशासन कार्यालय झापाले गैरकानूनी रूपमा २०७६ जेठ १२ मा तीन जनालाई, जेठ २० मा एक जनालाई र जेठ २१ गते तीन जनालाई नागरिकता वितरण गरेको थियो । यसैगरी, २०७६ जेठ ६ मा चार जनालाई नागरिकता दिइएको छ । यसअघि २०७३ माघ १० गते तीन जनालाई गैरकानूनी रूपमा

(बाँकी अन्तिम पृष्ठमा)

## चिया बिस्तारले प्रतिफल दिएन

**पाँचथर, भदौ १६।** पाँचथरको फिदिम नगरपालिका लालिखर्कमा संघीय सरकारको मातहतमा रहेको चिया बिस्तार आयोजनासँग जमिन, पूर्बाधार र जनशक्ति पर्याप्त छ । तर, उद्देश्य अनुसार न कुनै कार्यक्रम सञ्चालन गरिएका छन् न त कुनै प्रतिफल नै प्राप्त भएको छ । भएका चिया र कफी प्लटमा पनि हेरचाह भएको छैन ।

एक सय ६४ रोपनी जग्गामा रहेको यो आयोजनाको भवन सुबिधा सम्पन्न छ । पाँच जना प्राबिधिक र पाँच मजदुर गरी १० जना जनशक्ति पनि छन् । चिया र कफी खेतीको बिस्तारका लागि बिभिन्न परीक्षण लगायतका काम गर्नु पर्ने आयोजनामा पूर्बाधार र अन्य स्रोत साधन भएपनि गतिबिधि भने शुन्य जस्तै छ । चिया र कफी प्रबर्द्धनका लागि नर्सरी स्थापना, बिरुवा रोपण, हावापानी, माटो, बाली बिस्तारमा लाग्नुपर्ने आयोजनाले यस्ता कुनै गतिबिधी सञ्चालन गरेको छैन । आयोजनाबाट किसानले प्राबिधिक सल्लाहसमेत

(बाँकी अन्तिम पृष्ठमा)


प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्क: प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)


## 'फौजी'को आतंक, बाली नष्ट

नरेन्द्र ढकाल

**बिर्तामोड, भदौ १६।** झापाको दक्षिणी क्षेत्र गौरादह नगरपालिकामा धानबालीमा फौजी किराको प्रकोप शुरु भएको छ ।

गौरादहको वडा नं.-६ को करिब सात विगाह क्षेत्र फलमा फौजी किराको प्रकोप शुरु भएपछि त्यस क्षेत्रको धानबाली नष्ट हुन थालेको छ । किराको आक्रमणका कारण सयौं मन धान फल्ने क्षेत्रको धान बाली नोक्सान भएको हो ।

फौजी किराले ५ दिनमै आफ्नो डेढ विगाह क्षेत्रफलमा लगाइएको धान बाली



नोक्सान गरेको स्थानीय यादवकुमार बस्नेतले बताए । पहिलोपटक यस्तो किराको प्रकोप देखापरेको उनको भनाइ छ । फौजी किराले दिनमा दुई गुना र रातमा चौगुना बाली नष्ट गर्ने गरेको बस्नेतले बताए ।

दिनभरी धानको गाँजमा लुक्ने र रात परेपछि यो किराले धानका टुप्पा काटेर भुइँमा झार्ने गरेको अर्का किसान चन्द्रप्रसाद पराजुलीले बताए । समूहमा रही फौजी शैलीमा धान बालीमा आक्रमण गर्ने हुँदा यो किरालाई स्थानीय

(बाँकी अन्तिम पृष्ठमा)


सञ्जीवनी अस्पतालमा
विशेष डाक्टरहरूको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरु:
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

# गणेश चतुर्थी मनाइयो

**बिर्तामोड, भदौ १६ ।** अग्रपूजाको अधिकार प्राप्त बिघ्नहर्ता भगवान् गणेशको पूजा आराधना गरी सोमबार गणेश चतुर्थी पर्व मनाइएको छ ।

सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ ।

यस अवसरमा काठमाडौं उपत्यकाका अशोकविनायक, चन्द्रविनायक, सूर्यसवनायक, कमलविनायक, कमलादी गणेश लगायत देशभरका गणेश मन्दिरमा विशेष पूजा गरी गणेशको जन्मोत्सव मनाइएको छ ।

यस वर्ष भाद्र शुक्ल चौथीमा गर्नुपर्ने गणेश पूजा आराधना पनि हरितालिका व्रतकै दिन परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष एवम् धर्मशास्त्रविद् प्रा. डा. रामचन्द्र गौतमले बताए ।

हरितालिका (तीजको व्रत) पारायण गरी शिवपार्वतीका पुत्र गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहे पनि यस वर्ष तिथिको घटबढका कारण दुवै पर्व एकैदिन परेको उनले जानकारी दिए । भाद्र शुक्ल तृतीयाका दिन सुखद् दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका वर्तालुले चतुर्थीका दिन जीवनमा बिघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ ।

मङ्गल चतुर्थीसमेत भनिने आजका दिन नेवार समुदायले चथा पर्वका रूपमा मनाउँछन् । यस दिन बालबालिकालाई 'छुस्यामुस्या' बाँड्ने चलन छ ।

**मंगलबार गणेश रथयात्रा**

यस अवसरमा विसं २०६५ देखि राष्ट्रिय धर्मसभा नेपालले गणेश रथयात्रा गर्दै आएको छ । रथयात्रा भने भाद्र शुक्ल पञ्चमीका दिन गरिन्छ ।

धर्मसभाका अध्यक्ष प्रा. डा. माधवप्रसाद भट्टराईले विभिन्न मन्दिरमा पुगी संस्थाका तर्फबाट गणेशको पूजा आराधना गरिएको जानकारी दिए । मङ्गलबार वसन्तपुरस्थित अशोक विनायकबाट रथयात्रा शुरु गरी कमलादी गणेशस्थानमा समापन गरिने उनले बताए ।

## चिया...

पाएका छैनन् । कार्यक्रम र बजेट नहुँदा उद्देश्य अनुसार काम गर्न नसकेको आयोजनाका कर्मचारी बताउँछन् ।

गतवर्ष संघीय सरकार मातहतको चिया तथा कफी विकास बोर्डमार्फत् यस आयोजनामा तीनवटा तालिम बाहेक अरु केही कार्यक्रम भएन ।

तालिमको बजेट एक लाख पचास हजार थियो भने कर्मचारीको तलवमा मात्रै गतवर्ष ३५ लाख ३९ हजार खर्च भएको छ । आयोजनाले करिव तीन दशकअघि फिदिमको एक सय, चिलिङदिनको ३५ र एकतिनमा आठ गरी एक सय ४३ रोपनीलाई नमूना प्लटका रुपमा विकास गर्न भन्दै चिया रोपेको थियो ।

यी प्लटमा पनि गोडमेल र हेरचाह नै भएको छैन । पाँचथर, इलाम र धनकुटा सहित देशका ११ वटा जिल्लामा चिया विस्तार आयोजनाका कार्यालय छन् । जुन कामविहीन जस्तै छन् ।

यी कार्यालयको न पुनर्संरचना गरिएको छ, न त काम नै लिन सकिएको छ । कर्मचारी हाजिर गरेकै भरमा तलब भत्ता बुझिरहेका छन् ।

## तृष्णा ...

सुरक्षित छ । २०१९ अगष्टसम्ममा उक्त पानी प्रयोग गरिसक्नु पर्ने मिति उल्लेख भएपनि पानीमा किरा भेटिएपछि तृष्णा नामको पानी प्रयोगकर्ताको स्वास्थ्यमा असर पर्ने देखिएको छ ।

राष्ट्रिय उपभोक्ता मञ्च झापा र सम्वाद समूहको सचिवालयको सहकार्यमा यस अघि खाद्य प्रविधि तथा गुणस्तर विभागले बिर्तामोडबाट उत्पादित पानीको पीएच परीक्षण गर्दा समेत तृष्णा नामक पानीको पीएच ६ प्रतिशत मात्र थियो ।

## मृत्यु.....

मेची किनारमा दाहसंस्कार व्यवस्थापनका लागि भद्रपुर नगरपालिकाको बोर्ड बैठकमा धेरै पटक कुरा उठाइसकेको बताउँदै ५ नम्बर वडा अध्यक्ष बन्धु कार्कीले भने - 'मेयर साबले धेरै तिर दाहसंस्कार स्थल बनाउनु हुँदैन, देउनियाको घाटलाई नै व्यवस्थापन गर्नुपर्छ भन्नुभयो ।' 'नगरकै सबै भन्दा पुरानो दाहसंस्कार गर्ने ठाउँ मेची नदी किनार नै हो'- उनले भने - 'अहिलेसम्म नगरपालिकाको योजनामा यहाँको घाट व्यवस्थापन पर्ने सकेन, अहिले शव जलाउँदै आएको ठाउँ भारतमा पर्छ, यसलाई समयमै व्यवस्थापन गरिएन भने भविष्यमा दुर्घटना हुनसक्छ ।' नगरपालिकाले दाहसंस्कारका लागि योजनामा नपारे पनि आउँदो वर्ष वडाको सिलिङबाटै केही बजेट छुट्ट्याउने र विभिन्न दाताको सहयोगमा निर्माण गर्ने वडाध्यक्ष कार्कीले बताए ।

यता नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठले देउनिया खोला बग्ने भद्रपुर २ र ७ मा दाहसंस्कार गृह नगरपालिकाले बनाइरहेको बताएका छन् । मेची नदी किनारमा कहिले बन्ला दाहसंस्कार घाट भन्ने पूर्वाञ्चलकर्मीले राखेको प्रश्नमा उनले भने -'अहिलेसम्म नगरपालिकाले मेची नदी किनारको विषयमा केही सोचेको छैन ।' उनले भने - 'त्यो अहिले भन्न सकिने अवस्था छैन ।' दाहसंस्कार गृह नहुँदा अत्यधिक गर्मीका कारण एक मलामीको मृत्यु भएको विषयमा प्रश्न राख्दा नगर प्रमुख श्रेष्ठले भने - 'त्यो दाहसंस्कार गृह नभएर मृत्यु भएको होइन, बिरामी वा अन्य कारणले मृत्यु भएको हुनुपर्छ, यस घटनालाई दाहसंस्कार गृहसँग जोड्नु आवश्यक छैन ।'

**मलामी विश्राम स्थल प्रयोगविहीन**

नगरवासीहरूबाट सङ्कलित लाखौं रुपैयाँको लागतमा निर्माण गरिएको सार्वजनिक मलामी विश्राम भवन प्रयोगविहीन बनेको छ । भएकै विश्राम भवनलाई समेत प्रयोगमा ल्याउन नसक्दा नगरपालिकाका जनप्रतिनिधिको काम कर्तव्यमै स्थानीयले प्रश्न उठाउन थालेका छन् ।

भद्रपुर- ५ स्थित मेची नदी किनारमा लगभग १३ लाख ९५ हजार लागतमा १३ वर्षअघि निर्माण भएको एक तले विश्राम भवन बेवारिसे अवस्थामा रहेको छ । बेवारिसे अवस्थामा रहेको भवन शौचालय बनिसकेको छ । दाहसंस्कार गर्न भद्रपुरको मेची नदीमा आउने मलामीजनहरुलाई विश्राम गर्ने ठाउँ बनाउने उद्देश्य लिएर नगरवासीहरूबाट रकम सङ्कलन गर्दै ०६४ सालमा भद्रपुरका उद्योगी पर्शुराम अग्रवालको संयोजकत्वमा मलामी विश्रामालय निर्माण समिति गठन गरी भवन निर्माण गरिएको थियो । नगरपालिकाको ऐलानी जग्गामा सो भवन निर्माण गरिएको हो । आवश्यक संरचना सहितको मलामी विश्राम भवन निर्माण गरिने भनी महत्वाकांक्षी लक्ष्य लिएर योजना थालिएको थियो । त्यस बेला त्यसक्षेत्रमा सुकुम्वासी बस्ती थिएन । पछि नगरपालिकाको ऐलानी जग्गामा सुकुम्वासी आएर घर बनाएर बस्न थालेपछि त्यो योजना अधुरो बन्न पुग्यो । निर्माण भएको भवनलाई प्रयोगमा ल्याउन नगरपालिकाले सबै पक्षसँग छलफल गरेर अघि बढ्ने नगर प्रमुख श्रेष्ठले बताएका छन् ।

## फौजी...

बोलीमा फौजी किरा भनिन्छ । किराको यस्तो प्रकोप देखिन थालेपछि किसान चिन्तित बनेका हुन् । पराजुलीले ५ बिगाह क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भएको बताए ।

धानबालीमा निर्भर रहेका किसानहरु फौजी किराको प्रकोपका कारण चिन्तित बनेका छन् । स्थानीय खड्गबहादुर कार्कीले आफूले खेती किसानी गरेको ६० वर्ष भएको तर यस्तो प्रकोप पहिलोपटक देखेको बताए । उनले २-३ दिनभित्रै फौजी किराले बाली नष्ट गरेपछि किसानहरु अब के गर्ने भन्दै अलमलमा परेको बताए ।

गौरादह-६ को वीरबल चौकमा यो रोगको प्रकोप धेरै रहेको स्थानीय शारदा प्रसाई पराजुलीले बताइन् । किसानहरुलाई फौजी किराका कारण धानबाली नष्ट भएपछि कुन औषधि प्रयोग गर्ने भन्ने विषयमा समेत अलमल भएको छ । धानबालीमा फौजी किराले आतंक मच्चाए पछि स्थलगत रुपमा सोमबार पूर्वाञ्चलकर्मीको टोली उक्त स्थानमा पुग्दा किसानहरुले फौजी किरा हातमा ल्याउँदै देखाएका थिए ।

उक्त क्षेत्रमा धानबाली हिउँदे र वर्षे गरेर दुई बाली हुने गरेको छ । प्रति विगाह ९० मनसम्म उत्पादन हुने धानमा फौजी किराको प्रकोप देखिएपछि अब यसको समाधान कसरी गर्ने भन्ने विषयमा नगरपालिकाले छलफललाई तीब्रता दिँदै समाधानको बाटो खोज्न शुरु गरेको वडाध्यक्ष खड्गप्रसाद पराजुलीले बताए । उनले भने- फौजी किराको प्रकोपका कारण सयभन्दा बढी किसान मारमा परेका छन् । यसको बेलैमा समाधान नखोजे यहाँ भयावह स्थिति आउन सक्छ । फौजी किराले धानबाली नष्ट गरेपछि वर्षभरी खाने अन्न कसरी जोहो गर्ने भन्दै स्थानीय किसान हेमसागर ओझाले चिन्ता व्यक्त गरे ।

फौजी किराको प्रकोपका कारण समस्या सिर्जना भएसँगै स्थानीय भेटनरी सञ्चालक बालकृष्ण दाहालले औषधि प्रयोग गर्न किसानलाई सिकाएको बताइएको छ । यस्तै कृषि ज्ञान केन्द्रको टोलीले समेत फौजी किराको प्रकोप क्षेत्रको स्थलगत अवलोकन गरेको छ ।

उता विराटनगरस्थित बाली संरक्षण प्रयोगशालाका निमित्त प्रमुख मुकेशकुमार यादव, कृषि विकास निर्देशनालयकी अधिकृत सरस्वती श्रेष्ठ लगायतको टोलीसमेत गौरादह पुगेर फौजी किराको प्रकोपको विषयमा अवलोकन गरेको छ । उनीहरुले फौजी किराको प्रकोप यसअघि पनि नेपालमा देखा परेको बताए ।

बाली संरक्षण प्रयोगशालाका निमित्त प्रमुख यादवले प्रदेश सरकार र कृषि ज्ञान केन्द्रमार्फत तत्काल औषधि प्रयोग गर्ने विषयमा ध्यान दिने बताए । उनले तत्काल यो किरालाई नियन्त्रण गर्न नसके भयावह स्थिथि सिर्जना हुन सक्ने उल्लेख गरे । विराटनगरको टोलीले चार प्रकारका औषधि प्रयोग गर्न किसानलाई सुझाव दिएको छ । बेलुकाको समयमा मात्रै औषधि प्रयोग गर्न यादवले किसानहरुलाई सुझाव दिएका छन् ।

## पैसा ...

नागरिकता दिइएको स्रोतले जनाएको छ ।

२०७३ सालमा गैरकानूनी रूपमा नागरिकता वितरण गर्ने तत्कालीन प्रशासकीय अधिकृत चूडाराज भट्टराईमाथि समेत छानबिन थालिएको छ भने तत्कालीन शरणामती गाविसका सञ्चालक समितिका अध्यक्ष भवकृष्ण न्यौपाने पनि छानबिनको घेरामा परेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ ।

कचनकवल गाउँपालिका-२ का वडाध्यक्ष मेखबहादुर भट्टराईले भूपालको नागरिकताका लागि सिफारिस बनाइदिएका थिए । वडासचिव हरि गौतमले गराएको जन्मदर्ता र सजिर्मिन गर्न पाँच स्थानीयको संलग्नता भेटिएको थियो । नक्कली बाबु बनेर वंशजको आधारमा भारतीयलाइ नागरिकता दिलाउन जिल्ला प्रशासन कार्यालय आएको घटनामा पक्राउ परेका भारतीय नागरिक भूपाललाई झापा जिल्ला अदालतले पुर्पक्षका लागि जेठ ५ गते झापा कारागार चलान गरेको छ । भारतीय नागरिकलाई जेठो छोरा भन्दै नागरिकता दिने क्रममा पक्राउ परेका कचनकवल गाउँपालिका -२ का बमबहादुर भने ३० हजार धरौटी बुझाएर तारिखमा छुटेको अदालतले जनाएको छ ।

नेपाली नागरिकता लिएको खण्डमा तोकेको सजाय तथा जरिवाना अनुसार विदेशी नागरिकको हकमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । तर, नागरिकता नलिई पक्राउ परेकाले सो सजाय तथा जरिवाना उद्योगमा गएर दर्ता भइ ६ महिनादेखि साढे दुई वर्ष कैद र २५ हजारदेखि ५० हजारसम्म जरिवाना हुन्छ । त्यस्तै नागरिकताको कागजात मिलाउने वा सिफारिस गर्ने व्यक्तिको हकमा ६ महिनादेखि ३ वर्षसम्म कैद वा २५ हजारदेखि ५० हजारसम्म जरिवाना हुने कानूनमा उल्लेख छ ।


## कर्मचारी आवश्यकता

१) **पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । (तलबः ७०००+ बोनस गरेर १०,०००।-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।) काम गर्ने समय बिहान ९ बजेसम्म ।**

२) **लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ ।**

नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ ।

**मो. ९८०१४०४०००, ९८१६६४१५७६**

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित सेन्टरपोइन्ट पार्टी प्यालेस (CP Hotel) लाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

क) पद- **रिसेप्सनिष्ट** : १ जना (महिला)

योग्यताः +२, सम्बन्धित काममा अनुभव, तलबः १२०००+ खाना

ख) पद- **वेटर** : ३ जना (पुरुष) **वेट्रेसः** ४ जना (महिला)

सम्बन्धित काममा दक्ष तलबः समझदारीमा

सम्पर्कः **सीपी होटल एण्ड पार्टी प्यालेस**

पश्चिम स्टेण्ड दक्षिण, बिर्तामोड, झापा

फोन नं. ०२३-५४४२१७, ९८०८५६०२७३

## कुक र वेटर चाहियो

बिर्तामोड मेची आँखा अस्पतालभित्र रहेको **सूर्योदय खाजा घर**का लागि कुकमेन १ जना र वेटर २ जना आवश्यक परेकोले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८०६०२७८९८**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।





प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**व्यवसायिक तथा सिप विकास तालिम केन्द्र**

**प्रदेश नं. १ भद्रपुर झापाको**

## प्रशिक्षकको सूची (Roster) मा नाम समावेश सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : ०७६।०५।१७**

यस केन्द्रमा आ.व.०७६।०७७ मा सञ्चालन गरिने निम्न व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची (Roster) निर्माण तथा अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस केन्द्रमा दरखास्त फाराम भरी रु.१०। को टिकट टाँसी यस केन्द्रमा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तालिमका लागि सूची** (Roster) **निर्माण तथा अद्यावधिक हुने विषयहरु :**

| सि.नं. | तालिम | अवधि | निवेदन फाराम पेश गर्न सकिने केन्द्र |
|---|---|---|---|
| १. | सिलाई कटाई | ३ महिने | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, भद्रपुर झापा |
| २. | वैल्डिङ्ग | ३ महिने | |
| ३. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिने | |
| ४. | मोटरसाइकल मर्मत | ६ महिने | |
| ५. | कम्प्यूटर | ६ महिने | |

**ख. योग्यता**

| सि.नं. | शैक्षिक योग्यता वा तालिम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १. | मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा प्रमाण पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थावाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सिपमा १ तहको सिप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणीको शुरु तलव स्केल |
| २. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी.वा एस.एल.सी गरी स्वीकृत प्राप्त संस्थावाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सिपमा १ तहको सिप परीक्षण पास भएको । | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणीको शुरु तलव स्केल |

**द्रष्टव्यः**

- दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु नेपाली नागरिकताको प्रमाण पत्र सम्बन्धित तालिमको प्रमाण पत्र सिप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी ती प्रतिलिपिहरुमा व्यक्ति स्वयम्ले सक्कल वमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी तोकिएको म्यादभित्र पेश गर्नुपर्नेछ ।
- तोकिएको योग्यता पुगेकोमा एक भन्दा बढी विषय (trade) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ । त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।
- सूची ( Roster) निर्माण तथा अद्यावधिक गर्नका लागि सम्बन्धित केन्द्रमा पर्न आएका दरखास्त उपर छानवीन गरी तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अद्यावधिक गर्ने काम सम्बन्धित केन्द्र कै हुनेछ ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन ।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अधिकार सम्बन्धित केन्द्रहरुमा सुरक्षित रहनेछ ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट केन्द्रहरुले आवश्यक परेको वखतमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सक्नेछ ।
- यो सूची आ.व.०७६।०७७ को लागि मात्र कायम रहनेछ ।अन्य कुराहरु व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका २०६९ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**सम्पर्क नम्बर : ०२३-५२०३०५** **केन्द्र प्रमुख**

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयो[redacted] शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : [redacted] (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: pur[redacted]052@gmail.com [redacted]anchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## ऐन छ, कार्यान्वयन छैन

**झापा चेतनाका दृष्टिले धेरै अघि छ । त्यही चेतनाका कारण देशमा भएका सबै परिवर्तनकारी घटनाहरुमा झापाले अग्रणी भूमिका निर्वाह गरेको छ । त्यो २००७ सालको राणा शासनको अन्त्यका लागि भएको क्रान्ति होस् वा ०३६, ०४६ वा ०६२–०६३को आन्दोलन नै किन नहोस् झापाको भूमिका उल्लेख छ । झापाको यस्तो अग्रतामा भारतको शिक्षा विकासको सहयोग छ । राणा शासनकाल वा त्यसपछिको समयमा भारतको दार्जीलिङबाट शिक्षक ल्याएर झापा, इलाम लगायतका जिल्लाहरुमा विद्यालय खोल्ने प्रचलन शुरु भएपछि यहाँको चेतनाको स्तर पनि बढेको छ । तर पनि अत्यावश्यक वस्तुको उपभोगमा भने झापाली गम्भीर नभएको समाचारले देखाएको छ ।**

**अत्यावश्यक वस्तु भन्नाले प्रकृति प्रदत्त हावा, पानी र खाद्यान्न हो । यसले प्राणी मात्रको जीवन रक्षा गर्छ र दीर्घता प्रदान गर्दछ । प्राणीमध्येको मानिस चेतनाका हिसाबले सर्वश्रेष्ठ मानिन्छ । त्यसकारण पनि उसको व्यवहार त्यही श्रेष्ठता देखिने वा प्रमाणित हुने खालको हुनुपर्दछ । अन्यथा त्यसकै माध्यमबाट अनेक रोगको संक्रमण भई मानिस बिरामी हुन्छ र कुनै व्यक्तिगत वा सार्वजनिक कार्यमा सामेल हुन सक्दैन । त्यसैले ती तीनमध्ये पनि हावाको स्वच्छता सर्वाधिक महत्वको मानिन्छ, किनकि एकछिन पनि हावा अर्थात् श्वासको आवागमन बन्द हुँदा जीवनको अन्त्य हुन्छ । त्यसपछि पानी र पानीपछि खाद्यवस्तुको अनिवार्यता मानव जीवनसँग प्रत्यक्षरुपले जोडिन्छ ।**

**जब–जब जनसंख्या बढ्दै गयो तब–तब जनघनत्व पनि बढ्दै जानु स्वभाविक प्रक्रिया हो । जब घनत्व बढ्छ तब उनीहरुबाट उत्सर्जित वस्तुले वातावरणलाई असर गर्न थाल्छ । परिणााम वायु प्रदुषित हुन्छ क्रमैसँग अनि जल प्रदुषण हुन्छ । यी दुईको प्रदुषणको असर जब शरीरमा देखिन थाल्छ त्यसबेला मानव शरीरभित्रको प्रतिरक्षा वा प्रतिरोधी क्षमता कम हुँदै जान्छ । यसले मानव शरीर रागको घर बन्दछ र त्यसको परिणाम व्यक्ति परिवार हुँदै समाज र राष्ट्र नै प्रभावित हुन्छ । यो जान्दाजान्दै पनि अस्वस्थकर पानी वायु र खाद्यवस्तुको प्रयोग गरिरहँदा हामी क्रमशः जटिलतातर्फ उन्मुख भइरहेको त्यही समाचारले उल्लेख गरेको छ ।**

**समाचारभित्रको समाचारमा जनाइएको छ कि झापामा मांसाहार प्रवृत्ति दिनहुँ बढ्दै गएको छ । त्यसका लागि राँगा, सुँगुर, हाँस, कुखुरा, खसी बाख्रा माछा लगायतका जीवहरुको हत्या गरिन्छ । खाद्यवस्तुका रुपमा प्रयोग हुने तर आफू जस्तै जीवन भएको अबोला प्राणीलाई मारेर खाने प्रवृत्ति आफैंमा हिंस्रक हो । त्यसले त्यस्तो कर्म कुनै सुरक्षित, सब कोहीले नदेख्ने गरी गर्नु एउटा कर्तव्य हो भने मारिने जीवजन्तुको स्वास्थ्य अवस्था ठीक हुनुपर्ने ऐनले निर्धारण गरेको सीमा हो ।**

**झापामा भएका बधशाला उपभोक्ता हित संरक्षणका दृष्टिले उपयोग गरिएका छैनन् । त्योभन्दा डर लाग्दो अवस्था भनेको खुल्ला ठाउँमा मारिने जीवको स्वास्थ्यप्रतिको वेवास्ता नै हो । उपभोक्ताको अधिकार रक्षाका लागि ०५५ सालमै पशुबधशाला र मासु जाँच ऐन ल्याइयो त्यसपछि ०५७मा नियमावलीले अझ कडाई गर्‍यो । तर, कार्यान्वयनको अभावमा, नियमनकारी निकाय र स्थानीय सरकार, जनप्रतिनिधि गम्भीर नहुँदा मापदण्ड, ऐन र नियमावली 'अवोलाले लगाएको धोती' सरह भएको छ । चाडपर्वका बेलाबर्षमा एकपटक अनुगमनो नाममा झारो टार्ने प्रवृत्तिले उपभोक्ताको हित गर्दैन । अझ पछिल्लो समय फोहर ठाउँ, सडक र अतिव्यस्त ठाउँहरुमा पशुबध गर्ने प्रचलन बढ्दै गएको छ । यसले मानसिक, शारीरिक एवम् संवेदनामा कति असर गर्छ भन्ने ख्याल नगर्ने हो भने सरकार, निकाय, जनप्रतिनिधिलाई किन पाल्नु सोच्नु पर्ला कि !**

# प्रजातन्त्र, सरकार र वर्तमान परिस्थिति



नेत्रप्रसाद निरौला

आजभोलिको राजनीतिक दृश्य परिदृश्यलाई देखेर म धेरै वर्ष अगाडिको समयलाई सम्झिरहेछु । राजनीतिले हाम्रा सामाजिक, आर्थिक, प्रशासनिक क्षेत्रहरुमा प्रत्यक्ष वा परोक्ष रुपले गहिरो प्रभाव पारिरहेको हुन्छ । कतिपय प्रभावहरुलाई हामी प्रत्यक्ष अनुभव गर्नसक्छौं, कतिपय प्रभावहरुको लामो समयपछि मात्र परिणाम देख्न सकिन्छ । म तिथि मिति ठ्याक्कै तोकेर त भन्न सक्दिन, तर चालिसदशकको मध्यतिरको कुरा हो, म माध्यमिक कक्षाको बिद्यार्थी थिएँ, त्यसबेला देशमा पञ्चायती व्यवस्था विद्यमान थियो । हामी विद्यार्थीहरु पञ्चायतईतर अन्य राजनीतिक दलहरुको विषयमा खुलेर गफ गर्न असमर्थ थियौं, साथै सञ्चार क्षेत्रको पहुँच एकदमै कम भएकोले हामी देशमा भइराखेको विद्यमान राजनीतिक गतिविधिका वारेमा एकदमै कम जानकार थियौ ।

तथापि हामी केही साथीहरु जसलाई तत्कालीन परिवेशको वारेमा गहिरो चासो थियो, फुर्सतको समयमा केही राजनीतिक गफ गर्ने गर्थ्यौं । तर, यसरी गफ गर्नु निकै खतरापूर्ण हुने गर्थ्यो, कारण प्रशासनका कानमा यस्ता गफहरु पुगे सम्भवतया हामी स्वयम् अथवा हाम्रा कारणहरुले हाम्रा परिवारलाई अप्ठ्यारो पार्ने सम्भावना धेरै थियो । पञ्चायती व्यवस्था प्रति आस्था राख्ने जो कोहीले पनि अरु कसैलाई पञ्चायत बिरोधी भनेर प्रशासनलाई झोसपोल गरिदिए त्यो व्यक्ति वा परिवारले निकै लामो समयसम्म प्रशासनिक दुःख झेल्नु परेको कथा त्यसबेलाका मानिसहरुले विर्सिहालेका छैनन् होला ।

गाउँघरमा कसैप्रति रिस साँध्नु पर्‍यो भने सामान्य केही प्रमाणहरु जवरजस्त फेला पारेर व्यवस्था विरोधीका रुपमा दलील गरियो भने त्यस व्यक्तिले धेरै समस्या झेल्नुपर्ने हुन्थ्यो र अझ प्रहरी प्रशासनको त झन् अवस्था भयावह थियो । गाउँघरका केही पहुँचवाला व्यक्तिहरुको निर्देशनप्रति प्रहरी प्रशासन बढी जिम्मेवार झै लाग्थ्यो । कुनै निर्दोष व्यक्तिलाई फसाउन विभिन्न तानाबुना बुनिन्थ्यो । सरकारी स्वीकृति प्राप्त समूहहरुले गर्ने क्रियाकलाप त झन डरलाग्दो हुन्थ्यो । केन्द्रीयदेखि स्थानीय नेता कार्यकर्ताको विरोध त के सामान्य आलोचनासम्म पनि गर्दा व्यवस्था बिरोधीको रुपमा लिइन्थ्यो । सुशासन, भ्रष्टाचार, मानवअधिकार आदिको कुरा उठाउने त झन पुरै व्यवस्था बिरोधीमा दरिन्थ्यो । कलेजहरु र विश्वविद्यालयमा बिद्यार्थी संगठनहरु राजनीति गर्ने गर्थे, तर निकै कष्टपूर्ण अवस्था थियो, प्रहरी धरपकड र दमन धेरै हुन्थ्यो । बिद्यार्थी संगठनहरु माझ एउटा सरकारी बिद्यार्थी संगठन सक्रिय थियो जुन बिद्यार्थी मण्डलको रुपमा चिनिन्थ्यो । यसको दवदवा त झन डरलाग्दो थियो ।

सरकारी पहुँच र पैसामा यसले ठूलै अपराध गरे पनि प्रशासनले क्षमा गर्दथ्यो,अरु सर्वसाधारण मानिसहरु कोपभाजनको शिकार हुने गर्दथे । यसरी पञ्चायती व्यवस्थाका केही थोरै गुणहरु भए पनि राजनीतिक रुपले यो निरङ्कुश थियो र यसको सुधार हुनु भन्दा झन उग्र हुँदै जान थाल्यो । त्यसैले सम्पूर्ण जनता सडकमा आए, संघर्ष भयो र पञ्चायती व्यवस्थाको अन्त्य भयो ।

जनताको मुख्य आकांक्षा भनेको सुशासन, राजनीतिक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, मानवधिकार जस्ता आधारभूत कुराहरु थिए । यिनै विषयहरुका लागि नै हो हाम्रा देशका धेरै नेताहरुले जीवन वलिदान दिएका, जेलनेलको कष्ट भोगेका वा निर्वासित जीवन विताएका । तर, दुर्भाग्य, देशमा राजनीतिले स्थिरता लिन सकेन, राजनीतिक दलहरुको आन्तरिक कलहदेखि लिएर राष्ट्रिय सरोकारका मुद्दामा समेत दलहरुको मत मिल्न सकेन जसको परिणाम देश नराम्रो सँग हिंसात्मक द्वन्द्वमा फस्यो र मुलुक धेरै पछाडि पर्‍यो ।

यो संघर्षको केही कारणहरु थिए, प्रथमतः आम मानिसले प्रजातन्त्रको पुनःस्थापना पश्चात आशा राखे अनुरुप राजनीतिक स्थिरता मुलुकमा देखा परेन । उदाहरणका लागि प्रजातन्त्रको पुनः स्थापना तथा बहुदलीय प्रजातन्त्र एवम् संबैधानिक राजतन्त्र अङ्गिकार गरिएको संबिधान २०४७ लागू भए पश्चात २०४८ साल बैशाख २९ गते भएको आमनिर्वाचन पश्चात गठन भएको नेपाली कांग्रेसको बहुमतीय सरकार, दलको आन्तरिक कलहका कारण समय अगावै ढल्न पुग्यो, त्यस्तै यो बहुमतीय सरकार बिघटन पश्चात २०५१ साल कात्तिक २९ गते भएको मध्यावधि निर्वाचन पश्चात गठन भएका अल्पमतको सरकार र संयुक्त सरकार साँच्चै राजनीतिक अस्थिरताका उदाहण बने साथै राजनीतिक विकृतिका पनि उदाहरण बने । सुशासन हराएर गयो, भ्रष्टाचार बढेर गयो, राजनीतिककर्मीहरु आलोचनाका पात्र बन्न शुरु गरे, यसरी जनताको आशा र भरोसामा तुषारापात भयो जसले बिद्रोहका लागि मलजल गर्‍यो ।

मुलुकमा दश वर्ष लामो शसस्त्र विद्रोह भयो, दलहरु बीच सम्झौता भयो, यसले गणतन्त्र स्थापना गर्न मद्दत गर्‍यो, गणतन्त्रको स्थापना भयो र लामो संक्रमण पश्चात संघीय गणतन्त्रात्मक संबिधान निर्माण भई लागू भयो र तीनै तहको निर्वाचन सम्पन्न भयो । केन्द्र, प्रदेश र स्थानीय तहमा नेपाल कम्युनिष्ट पार्टीले बहुमत प्राप्त गर्न सफल भयो र अहिले नेकपा सत्तामा छ । सम्पूर्ण जनताले यो सरकारप्रति ठूलो आशा राखेका छन् त्यो स्वाभाविक पनि हो । बलियो बहुमतको सरकार भएको नाताले राजनीतिक स्थिरता, सुशासन, भ्रष्टाचार नियन्त्रण, नागरिक स्वतन्त्रता, विकास आदिको दीर्घकालीन स्थायित्व नागरिकको प्रथम चाहना हो र राजनीतिक दलको उद्देश्य पनि । अझ यो सरकार प्रति जनताको बढी आशा रहनु स्वाभाविक पनि हो कारण यो सर्वहारा वर्गको नेतृत्व गर्ने कम्युनिष्टको सरकार हो ।



**बलियो बहुमतको सरकार भएको नाताले राजनीतिक स्थिरता, सुशासन, भ्रष्टाचार नियन्त्रण, नागरिक स्वतन्त्रता, विकास आदिको दीर्घकालीन स्थायित्व नागरिकको प्रथम चाहना हो र राजनीतिक दलको उद्देश्य पनि । अझ यो सरकार प्रति जनताको बढी आशा रहनु स्वाभाविक पनि हो कारण यो सर्वहारा वर्गको नेतृत्व गर्ने कम्युनिष्टको सरकार हो ।**

तर, यो सरकार गठन भए पश्चात विद्यमान क्रियाकलापहरुले शुभ संकेत गरिराखेको छैन । नेता तथा कार्यकर्ताहरु बढी नै सुविधाभागी भए, नेताहरुको जीवनशैली हठात परिवर्तन भयो, भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कामकार्वाही पर्याप्त छैन, अझ नेता कार्यकर्ताको नाम भ्रष्टाचारमा मुछिएर आइराखेको जस्ता आम जनगुनासा धेरै सुनिन थालेको छ, तर सरकार यस्ता आम जनगुनासालाई सच्चाइका आधारमा सुधार्नपट्टि भन्दा पनि सरकार बिरोधी तथा पुनःउत्थानवादीको बिल्ला भिराएर कटाक्ष गर्न बढी मन पराराइराखेको महशुस हुन्छ । अझ हालसालै सरकार तथा सत्तारुढ दलको रवैया देख्दा त साँच्चै सरकार कतै निरङ्कुशता तिर ढल्कँदै त छैन भन्ने शंका गर्ने बाटो सरकार आफैंले बनाइरहेको छ । सरकार सामाजिक अभियन्ताहरुप्रति किन यतिधेरै असहिष्णु बनिरहेको छ, यो आफैमा रहस्यमय छ । सामाजिक अभियन्ताहरु त सरकारका मित्र हुन् जसले सरकारलाई सहयोग नै पुर्‍याइ राखेका हुन्छन्, सरकारलाई सुध्रने बाटो देखाइरहेका हुन्छन्, जनता र सरकारवीचका सेतु हुन् सामाजिक अभियन्ताहरु । डा. गोविन्द केसीले उठाएको विषयलाई सरकारले जवरजस्त नियन्त्रणमा लियो । अहिले हाम्रो देशको सम्पूर्ण ध्यान शालीग्राम पुडासैनी मृत्यु प्रकरणले तानेको छ, यसका कारकका रुपमा रवि लामिछानेलाई प्रस्तुत गरिएको छ । देशको सम्पूर्ण सञ्चारमाध्यम, सामाजिक सञ्जालमा यो घट्नाको चर्चा छ । पक्ष र विपक्षका विषयमा चर्को बहस चलिरहेको छ, हामी नेपाली एकपटक फेरि विभाजित भएका छौ । तर, सवाल रवि लामिछानेको होइन, एक नागरिकको अधिकारको हो । रवि लामिछाने एक सामान्य टेलिभिजन कार्यक्रम प्रस्तोता हुन्, उनले देशमा विद्यमान देखिएको भ्रष्टाचार र विकृतिका विषयमा कार्यक्रम निर्माण गरे । जसमा सत्तारुढ दलका नेता तथा कार्यकर्ता मुछिन पुगे वा उनीहरुलाई चित्त बुझेन, तर उनलाई जसरी एउटा घट्नाक्रममा दोषी देखाएर कार्वाहीको दायरामा ल्याउन खोजियो यो सामान्य सामाजिक तथा राजनीतिक क्षेत्रमा चासो राख्ने व्यक्तिले बुझ्न सक्ने कुरा हो । पर्याप्त प्रमाण तथा खोज अनुसन्धान बिना एउटा नागरिकलाई सुरक्षा निकायले हठात नियन्त्रणमा लिनुले सुरक्षा निकायको वद्नियत छ भनी नागरिकले राज्यको सुरक्षा निकायप्रति शंका गर्नु अस्वभाविक होइन, राज्य यसबाट विभिन्न वहाना बनाएर भाग्न पाउँदैन, जवाफदेहीता हुनैपर्छ । अपराध नियन्त्रणका लागि राज्यले कुनै पनि व्यक्तिलाई अनुसन्धानको घेरामा ल्याउन सक्छ, तर, एक स्वतन्त्र नागरिकलाई अनावश्यक दुःख, झञ्झट तथा मानसिक तनाव प्रजातान्त्रिक राष्ट्रले दिन पाउँदैन, यो मानवअधिकारविरुद्ध हुन्छ ।

यसको अर्थ अपराधीलाई कार्वाही गर्न हुँदैन भन्ने कदापि होइन, कुनै पनि तह तप्काका अपराधमा संलग्न व्यक्तिलाई कार्वाही हुनैपर्छ । यसो भनिराखेको बेला के बुझ्न जरुरी छ भने शक्ति र सम्पर्कको भरमा तथा सामान्य स्वार्थका लागि बाटो हिँडिरहेको व्यक्तिलाई अनुसन्धानको नाममा ज्यादति गरिनु कदापि हुँदैन, राज्यको मुख्य काम नागरिकको सुरक्षा गर्नु हो, हत्तोत्साहित गर्नु होइन । अहिलेको परिस्थितिमाथि मैले उल्लेख गरेको पञ्चायतिशैलीसँग मिल्न खोज्नु अहिलेको प्रजातान्त्रिक सरकारलाई कदापि सुहाउँदैन, सचेत भएर अगाडि बढ्नुको विकल्प छैन ।

(निरौला न्यूटन्स एजुकेशन एकेडेमीका शिक्षक हुन् ।)

# चाडपर्वमा लुटको बजार

डा. सुरेश आचार्य

मुलुक बिस्तारै चाडपर्वमय बन्दै गएको छ। साउने संक्रान्तिलगत्तै सूर्य उत्तरायण हुन्छन् र नेपालमा चाडपर्वको मेलो चल्छ। वर्षाको बाढीसँगै आउने चाडपर्वका बाढीले नेपाली समाजलाई झन् भड्किलो बनाउँदै लगेको छ।

अझ कतिपय जातीय पर्वहरूले खान, बस्न, सुत्न र उठ्नसमेत फुर्सद दिएका हुँदैनन्। नेपालको परम्परा र संस्कृतिका यी धरोहरलाई जोगाइराख्ने उत्कट चाहना आमनागरिकमा देखिन्छ। चाहे यसका लागि जस्तोसुकै मूल्य चुकाउन किन नपरोस्। गुठीका विषयमा नेपाली नागरिकमा देखापरेको समर्पणभाव यसको एउटा उदाहरण हो। आज पनि नेपाली समाजमा परम्परागत धर्म र संस्कृतिले वैज्ञानिक समाजवादका दर्शन सुनाउनेहरूलाई चुनौति दिइरहेकै छन्। आध्यात्मिकताले समाजलाई झन् कसिलो ढंगमा बाँध्न थालेको छ। एकपछि अर्को अध्यात्मका अनुयायीहरू बढ्दै गएका छन्।

नेपाली परम्पराका आफ्नै मौलिक संस्कृतिहरू छन्। यहाँ यी संस्कृतिका पक्षमा उल्लेख गर्न खोजिएको होइन। यी संस्कृतिका नाममा नेपाली कसरी लुटिएका छन् भन्ने प्रसङ्गमात्र यहाँ उठाउन खोजिएको हो। नेपालका यी चाडपर्वहरूसँगै अनेकथरी कालाबजारियाको लुट शुरु हुने गर्छ। जसले जहाँ जुन हैसियतमा लुट्न सक्छ, कसैले त्यो अवसर गुमाउन चाहँदैन। तरकारी, फलफूल, मिठाइजस्ता शाकाहारी वस्तुदेखि मांशहारीसम्मका खाद्यवस्तुको मूल्य यिनै चाडपर्वका नाममा बढेका हुन्छन्। र, वीर गोर्खालीका हामी शान्तिप्रिय सन्तान कुनै वादविवाद वा प्रतिक्रियाविना ती मूल्य तिर्न तयार हुन्छौं। किनकि हामीलाई थाहा छ, जसरी पनि हामीले हाम्रो संस्कृति जोगाउनु छ।

एउटा सामान्य उहाहरण हेरौं- बजारमा अघिल्लो वर्ष हरियो केरा प्रतिदर्जन ४० रुपैयाँ र पहेँलो केरा (जसलाई बोलिचालीको भाषामा मालभोग भन्ने गरिन्छ, यद्यपि सबै पहेँलो केरा मालभोग हुँदैन) ६० रुपैयाँ दर्जनमा पाइन्थ्यो। अघिल्लो चाडपर्वको मौका छोपेर केरा व्यापारीले हरियो ८० र पहेँलो १०० रुपैयाँ प्रतिदर्जन बनाए। किन मूल्य बढ्यो ? आमनागरिकले न व्यापारीलाई सोध्यो, न त सरकारलाई नै। कसैले सोधेको भए उसले 'यस्तो चाडबाडमा त मूल्य बढिहाल्छ नि' भन्ने जवाफ पायो। आमनागरिकले पनि स्वीकार गर्‍यो- चाडबाडमा त मूल्य बढिहाल्छ नि। यो मूल्य त्यस उप्रान्त कहिल्यै घटेन। अर्को चाड आउँदा यो मूल्य १३० रुपैयाँसम्म पुग्यो। अब हरियो र पहेँलो केराको मूल्य छुट्टिएन। सायद राजधानीका पढेलेखेका नागरिक हरियो र पहेँलो केराका फाइदा छुट्याउने हैसियतमा रहेनन्। उनीहरूले केराको आकारमा मात्रै देखे। ओहो, सानो पनि उही, ठूलो पनि उही ? सायद सबैले ठूलोको मूल्य सानोसँग बराबर भएकोमा आश्चर्यपूर्ण खुशी व्यक्त गरे। अहिले बाबुको मुख हेर्ने औंशी र हरितालिकाको दर खाने अवसरमा यसको मूल्य अझ बढ्न पुगेको छ।

अर्को उदाहरण हेरौं- यो मौसममा गोलभैंडाको मूल्य किलोको दुई सय रुपैयाँसम्म पुग्यो। यसको एउटा कारण थियो- सरकारले भारतबाट आएका तरकारीमा विषादिको मात्रा जाँच। एक सातासम्म तरकारी भन्सारमा थन्किए। बजारमा अभाव भयो। ३० रुपैयाँ किलोमा पाउने गोलभैंडा दुई सय तिर्नुपर्दा नागरिकले आफैं ढुक्कसँग भनिदियो- अभावमा त मूल्य बढिहाल्छ नि। सरकारले नजाने के कारण हो, विषादि परीक्षणको मामिलामा पछि हट्नु उचित ठान्यो। बजार केही सहज भयो तर गोलभैंडाको मूल्य किलोको ७० रुपैयाँभन्दा तल झरेन। फेरि तीजको लहरसँगै शुरु भएका दर पार्टीका कारण गोलभैंडाको भाउ बढेको छ। अब सोह्रश्राद्ध, दशैं, तिहार, छठ अनेक पर्व पालो कुरेर बसेका छन्। मूल्य कहिले घट्ला भनेर कुरेर बस्ने नेपालीले भने पालो पाउने अवस्था छैन।

सरकारले मौसम अनुसारका उत्पादनको मूल्य तोक्छ। हामीले सुन्ने गरेका छौं- यो वर्ष सरकारले उखुको मूल्य प्रतिक्वीन्टल यति तोक्यो। सरकारले सिजनमा हरेक वर्ष धानको मूल्य तोकेको पनि सुनिएको छ। यो पनि सुनिँदै छ- सरकारले छिट्टै दूधको मूल्य पनि तोक्दै छ। सरकारसँग मूल्य निर्धारण गर्ने संयन्त्र भएर नै विभिन्न उत्पादनको मूल्य तोकेको होला नि ! तर, यो सिजनमा केराको मूल्य तोक्न सरकारले सक्दैन ? कि मिल्दैन ? रातारात एक दर्जन केराको भाउ ३०देखि ५० रुपैयाँ बढ्नुपर्ने कुनै कारण हुन्छ ? एक किलो गोलभैंडाको मूल्य कसरी एकैपटक १२० रुपैयाँसम्म पुर्‍याउन मिल्छ ? यो कुन अर्थशास्त्रको कस्तो सिद्धान्त हो ? रमाइलो कस्तो छ भने सरकारले धानको मूल्य तोकिदिन्छ तर चामलको मूल्य तोक्न छाडेको छ। उखुको मूल्य तोक्छ तर चिनीको मूल्य तोक्न चिनी मालिकलाई अधिकार दिएको छ। विदेशबाट सस्तो चिनी आउन लाग्यो भनेर रोक लगाइएको छ र स्वदेशी महँगो चिनी खानुमा गर्व गर्न लगाइएको छ।




मिठाइमा चाडपर्वमा हुने लुटको कुनै हिसाब नै छैन। दूधको मूल्य आजसम्म बढेको छैन। तर, ३० रुपैयाँ गोटाको रसवरी औंशी र तीजका नाममा बढ्न पुगेको छ। आठ सय रुपैयाँ किलोको मिठाइ हजारभन्दा बढी नाघेको छ। केरा खेती गर्ने किसानले दर्जनको १५ रुपैयाँ पाउँदैनन्, उपभोक्ताले एक सय २०, एक सय ५० रुपियाँ तिर्नुपर्छ। दाल चामलको अभाव भयो र कसैले बढी मूल्यमा बेच्यो भने कालोबजारी ठहर्छ। अभावका नाममा परल मूल्यभन्दा बढी लिनु कालोबजारी हो। अपराध हो। तर, किन चाडपर्वमा अधिकतम् उपभोग हुने वस्तु कालोबजारी गर्ने छुट व्यापारीले पाएको छ ? के यसको अनुगमन गर्ने संयन्त्र सरकारसँग छैन ? के अनुगमन गर्ने निकायमा रहनेका परिवारले यी चाडपर्व मनाउँदैनन् ? वा उनीहरूलाई कालोबजारीवालाले उपहार चढाएका हुन्छन् ? के यो प्रश्नको जवाफ दिनु सरकारको नैतिक दायित्वभित्र पर्दैन ?

सञ्चारमाध्यमले बजार मूल्य बढेको खबर त लेखे। तर, नबढ्नुपर्ने कारण कहिल्यै लेखेनन्। गृहिणीका भनाइमा सीमित विकासेशैलीको पत्रकारिताले समाचारको सूचनाको गहिऱ्याइ पहिल्याउन सक्दैन। यसो गर्न नसक्नुका दुःखमा पनि महंगो गोलभैंडा किन्न नसक्ने पत्रकारको पीडा गाँसिएको हुन सक्छ। नेपाली पत्रकारिताले विषयलाई उठान त गरिदिन्छ तर त्यसको समाधान पहिल्याउन सक्दैन। नागरिक समाज राजनीतिक मुद्दामा माइतीघर मण्डलामा आफ्नो उपस्थिति जनाउनुलाई सफलता ठान्न रमाउँछ, नागरिकका दैनिक जीवनसँग उसको सरोकार देखिँदैन। यस्ता नागरिक समाजका गतिविधिहरू दाताका स्वार्थसँग मात्रै गाँसिएका छन्। नागरिक प्रतिनिधि बनेका सांसदहरूलाई विकासमा नाममा पाखो भत्काउने सडक बनाउने चिन्ता छ। उपभोक्ता दैनिक रोजीरोटी जुटाउनमै व्यस्त छन्। नागरिकको दैनिक जीवनमा जोडिने कुनै वर्ग र समुदाय नै भेट्न कठिन भएको छ।

सरकारका पदाधिकारीहरूका घरमा पनि भातभान्सा चल्दो हो। भलै धेरैजसो रेष्टुरेन्टको स्वादमा रमाउनु उनीहरूको 'ह्याबिट' बनेको होला। होम डेलिभरीले दिने सेवा उनीहरूको आयआर्जनले नधाने पनि धान्ने अन्य स्रोत उनीहरूका लागि खुला होलान्। यसो भनेर के उनका घरपरिवार बजारको यो हालतसँग परिचित छैनन् र ? लुटको धन जोड्न छुट दिने सरकारको नीति पक्कै पनि होइन होला। तर, अहिले जुन खालको बजार प्रवृत्ति बढेको छ, त्यसका कारण नागरिकले शान्तिको सास फेर्न पाएका छैनन्। अरू संसार बदल्ने कुराले नागरिकलाई के अर्थ राख्छ ? समृद्धिका नारा र आकाशका तारामा भिन्नता नआउने दिनको प्रतीक्षा यो देशका नागरिकले कहिलेसम्म गर्ने ? गोप

# हात्तीपीडितलाई चारआली जेसीजको सहयोग



**दुहागढी, भदौ १६।** चारआली जेसीजले जंगली हात्तीबाट पीडित बनेका मेचीनगर-१४ दुहागढीका दुई परिवारलाई राहत वितरण गरेको छ।

जेसीजले हात्ती पीडित स्थानीय लुखी सोरेन र कोपिला भण्डारीको परिवारलाई चामल, नुन तेल लगायतका खाद्यान्न सामग्री प्रदान गरेको हो। चारआली जेसीज वर्ष २०१९का अध्यक्ष उत्तमप्रसाद पकुवाल, उपाध्यक्ष सुजुप सुवेदी, प्रवीण पौडेल, खेलकुद संयोजक भूपेन्द्र प्याकुरेल, विद्यार्थी सञ्जाल संयोजक नवीनले संयुक्त रुपमा राहत सामग्री वितरण गरेका थिए। चार ओटाको संख्यामा दुई दिन अघि आएका जंगली हात्तीको समूहले २ ओटा घर पूर्ण नष्ट गर्नुका साथै दर्जनौ कृषकहरुको धानवालीमा क्षति पुऱ्याएका थिए।

त्यसैगरी सोही ठाउँ निवासी गत असारमा फूलवासा खोलाले बगाउँदा बेपत्ता भएका सुफल हस्दा सतारको परिवारलाई समेत जेसीजले खाद्यान्न सहयोग गरेको जनाइएको छ।

# लत्ताकपडा बरामद

**भद्रपुर, भदौ १६।** भद्रपुरबाट दुई लाख ३५ हजार मूल्य बराबरको लत्ताकपडा बरामद गरिएको छ।



वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीको टोलीले विशेष सूचनाको आधारमा भद्रपुर-६स्थित कृष्णराज कम्प्लेक्स अगाडिबाट सो मूल्य बराबरको लत्ताकपडा बरामद गरेको हो।

गोदाम घरबाट निकालेर बिर्तामोड लैजाने तयारी अवस्थामा रहेको चार पोका कपडा बरामद गरिएको वडाका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले जानकारी दिए। बरामद गरिएको लत्ताकपडा भद्रपुर भन्सार कार्यालय बुझाएको उनले बताए।

यता स्रोतका अनुसार भारतको गलगलिया नाकाबाट झोलामा हालेर भित्र्याउने लत्ताकपडा भद्रपुरमा ल्याएर जम्मा गर्ने र ठूलो पोका बनाएर बजारतर्फ पठाउने गरेको जनाएको छ।

# कांग्रेसका क्षेत्रीय समितिको समायोजन

**विर्तामोड, भदौ १६।** नेपाली कांग्रेसले संघीय संरचना अनुसार पार्टी संगठन विस्तारमा सहमति र सहकार्यलाई जोड दिँदै स्थानीय तह पार्टी संरचना समायोजन अन्तरिम निर्देशिका २०७६ जारी गरेपछि आगामी भदौ २० गतेसम्ममा ७७ वटै जिल्लाका क्षेत्रीय समितिहरु समायोजन हुने भएका छन्।

कांग्रेस केन्द्रीय समितिको गतसाउन २६ गते सम्पन्न बैठकले 'नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित)को धारा ७२ (४) बमोजिम पार्टीका स्थानीय तह संगठनको अन्तरिम संरचना तुरुन्त गठन गर्न आवश्यक भएकोले विधानको धारा ५० (५) र धारा ७१ समेतको अधिकार प्रयोग गरी नेपाली कांग्रेस स्थानीय तह संगठन पुनर्संरचनाको अन्तरिम निर्देशिका २०७६ पारित गरी लागू' गरेपछि आगामी भदौ २० सम्ममा सबै संघीय निर्वाचन क्षेत्र र प्रदेश निर्वाचन क्षेत्रमा संघीयता अनुरुप संगठन बन्ने भएको हो।

अन्तरिम व्यवस्थापनका लागि नेपाली कांग्रेसले निर्वाचन भन्दा पनि संघीय निर्वाचन क्षेत्रमा एउटै सभापति भए साविक सभापति नै स्वतः सभापति हुने, क्षेत्र समायोजन गर्दा दुईजना सभापति भएमा सर्वप्रथम सभापतिहरुबीचको सहमतिलाई प्राथमिकता दिएको छ।

सहमति नभएको अवस्थामा भूगोल, क्षेत्रीय प्रतिनिधि संख्या, क्रियाशील सदस्य संख्यालाई आधार बनाएर सभापति चयन गर्न निर्देशिकाले निर्देशित गरेको झापाका लागि केन्द्रीय प्रतिनिधि तथा डेमोक्रेटिक लयर्स एशोसिएशन झापाका अध्यक्ष यज्ञप्रसाद अधिकारीले जानकारी दिए। उनका अनुसार यी आधारमा पनि क्षेत्रीय सभापति चयन हुन नसकेको अवस्थामा कार्यगत ज्येष्ठता र गोलाप्रथाबाट भए पनि सभापति चयन गर्ने व्यवस्था निर्देशिकाले गरेको छ। यसैगरी समितिका पदाधिकारी तथा सदस्यहरु पुनर्संरचनापछि बनेको नयाँ क्षेत्रभित्रको कार्यसमितिमा समायोजन हुने व्यवस्था निर्देशिकामा उल्लेख छ।

यसैगरी पार्टी संरचना समायोजन अन्तरिम निर्देशिका-२०७६ले आगामी कात्तिक मसान्तसम्ममा नगरपालिका, गाउँपालिका, कार्यसमिति र नगर/गाउँ वडा समितिको समायोजन सम्पन्न गर्न निर्देशन गरेको नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले जानकारी दिए।

यसैगरी साविकको क्षेत्रीय सभापति भौगोलिक संरचना हेरफेरपश्चात क्षेत्रीय समितिको सभापति नबनेको अवस्थामा आफू क्षेत्रीय प्रतिनिधि रहेको प्रदेशसभा निर्वाचन क्षेत्रमा स्वतः सभापति बन्ने र उसले अस्वीकार गरेको अवस्थामा वा क्षेत्रीय सभापति नभएको हकमा ज्येष्ठ पदाधिकारी वा त्यो पनि नभए उमेरले ज्येष्ठ सदस्यले प्रदेश निर्वाचन क्षेत्रीय समितिको सभापति बन्ने व्यवस्था विधानले गरेको छ।

मुलुक संघीयतामा प्रवेश गरेको दुई बर्ष वितिसक्दा पनि संघीय संरचना अनुसार नेपाली कांग्रेसको पार्टी संरचना, भातृ तथा शुभेच्छुक संघ-संस्थाको संघीय संरचना अनुसारको संगठन विस्तार नहुँदा कार्यकर्तामा अन्यौलता छाइरहेका बेला अन्तरिम व्यवस्थापनमार्फत कांग्रेसले संघीय संरचना अनुकूल संगठन विस्तार प्रारम्भ भएपछि कार्यकर्तामा उत्साह छाएको नेपाली कांग्रेसका अगुवा नेताहरु बताउँछन्।

विधानले नगर तथा गाउँ समिति विस्तारमा पनि साविकका गाउँ कार्यसमिति पुनर्संरचनामा सिमांकन हेरफेर भई वडामा परिवर्तन भएमा वडा सभापतिहरु नगर समितिको पदेन सदस्य हुने व्यवस्था गरेको छ।

# महिला कैदीबन्दीलाई सहयोग

**झापा, भदौ १६।** भद्रपुरका दुई उद्योगीका परिवारले झापा कारागारका महिला कैदीबन्दीलाई साडी र कुर्ता सुरुवाल वितरण गरेका छन्।

तीजको अवसरमा उद्योगी परिवारले झापा कारागारका महिला कैदीबन्दीलाई ८८ थान कुर्ता सुरुवाल, १५ वटा साडीसहित दर खाने सामग्री वितरण गरेका हुन्।

मनषा सिमेन्ट उद्योग र मनषा थाइ फुड्सका लगानीकर्ताद्वय पशुराम अग्रवाल र सञ्जय गोयलका परिवारले महिला कैदीबन्दीकी चौकीदार भैरवादेवी श्रेष्ठलाई कपडा र खाद्यन्न सामग्री हस्तान्तरण गरेका थिए।

तीजमा गरिने फजुल खर्चले सामाजिक कार्य गर्ने उद्देश्यले कारगारमा जेल जीवन बिताइरहेका महिलाहरुलाई उक्त सामग्री हस्तान्तरण गरिएको उद्योग पशुराम अग्रवालले जानकारी दिए। महिला कारागारतर्फ ९४ जना महिला कैदीबन्दी र तिनका आश्रित ६ जना बालबालिका रहेका छन्।


## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं। तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं।

तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक

नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ।

कक्टेल/मक्टेलमा २०% छुट



हाम्रा विशेषताहरु :

१) शतप्रतिशत प्राक्टिकल गराइने।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने।
३) दक्ष सेफद्वारा तालिम दिइने।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने।
६) तालिम पछि रोजगारको अवसर दिइने।

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।


**होटल मुन टावर इन**


शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५

## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

**नयाँ रिलिज चलचित्रहरु**

पहिलो शो ९:३० बजे SAAHO (हिन्दी)
दोस्रो शो १२:०० बजे मारुनी (नेपाली)
तेस्रो शो २:१५ बजे SAAHO (हिन्दी)
चौथो शो ५:३० बजे SAAHO (हिन्दी)
पाँचौ शो ८:०० बजे SAAHO (हिन्दी)






एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा

टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।





सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

Science Teacher: 1, Class 5 (Male)

क्लिनर : ४ जना (महिला/पुरुष)
वेटर क्याप्टेन : १ जना
रुम ब्वाई : ४ जना
कुक : ८ जना वेटर : ६ जना
घरमा काम गर्ने : २ जना महिला
(यसको मासिक तलब १०,००० भन्दा माथि)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### आवश्यकता

एक जना अनुभवी सिटीरिक्सा मेकानिक तु-आवश्यक भएको हुँदा सम्पर्क गर्नुहोला।

सम्पर्क
मेचीनगर-६, काँकरभिट्टा, झापा
फोन नं. : ९८४४६९६००१
९८१७९७७७३४

### पसल बिक्रीमा

झापाको अर्जुनधारा-९ स्थित कटहर डाँडामा चालू अवस्थामा रहेको ग्रील पसल बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

सम्पर्क नं. : ९८४२६५४३७७,
९८२४९०००८८

### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा बिक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला।

सम्पर्कः
९८४२७८९८१३/९८१४९११७७७

### फ्लाट भाडामा

बिर्तामोडस्थित शनिश्चरे रोड ग्लोबल आईएमई बैंक छेउमा १८५० स्वारफिटको बैंक तथा वित्तीय संस्थाको लागि उपयुक्त फ्लाट भाडामा छ।

सम्पर्क ९८०६०४४४४३

### पसल बिक्रीमा

बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल बिक्रीमा छ। इच्छुकले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क नं. : ९८०६०००४७२

### छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस

७ बार १२ महिना सञ्चालनमा

घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२४३४३/९८१४०३६३४४

### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७२,५००/-
तेजावी सुन : ७२,२००/-
असल चाँदी : ९००/-

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।


**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कोरियन भाषा



한국어 にほんご

हाम्रा बिशेषताहरु

PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट।
AC युक्त Waiting Hall, Exam Hall भएको।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने।

बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन

जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने।

**Rupjyoti Institute Pvt. Ltd.**
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven

E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean

प्रो. अर्जुन बोहोरा

Tel : 023-546692 | 9814999326 | 9806090399

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।


दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८ :३०, ९ :१५, १० :१५, ११ :१५, १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७

काउण्टर इन्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा
SAAHO
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:००



(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ मारुनी
दोस्रो शो २:४५ मारुनी
तेस्रो शो ७:०० SAAHO



www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ।
फोन नं. ०२३-५४६४३६

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा 'विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा'

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली

डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट

डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)

डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ

डा.रोसन आचार्य
डा.सि.वि झा

**२४सै घण्टा उपलब्ध सेवाहरु**

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हात लागि हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। महत्त्वाकांक्षाले लक्ष्यमा पुऱ्याउन सक्छ, कर्तव्यपरायण रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अवसरसँगै चुनौतिसमेत देखा पर्नेछन्। सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्नेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** होसियारीसाथ काममा जुट्नुहोला। शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउनेछन्। सामाजिक कामको जिम्मेवारी बढ्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौति निम्त्याउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला। केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ।

**मकर (भो, ज, जि, खि, [redacted]) -** लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला। सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ। परिस्थिति सामान्य रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला। तापनि, प्रेम र मित्रताको बन्धन कसिने समय छ।

# गौहत्यारालाई आजीवन कारावासको माग



**बिर्तामोड, भदौ १६।** काञ्जीहाउसबाट गाईलाई दैलेख लैजाने क्रममा सुर्खेतको जंगलमा हालै भीरबाट खसालेर करिब तीन सय गाई मारेको विरोधमा सोमबार झापामा विरोधसभा सम्पन्न भएको छ ।

बैदिक सनातन धर्म संरक्षण समिति नेपाल गो वंश संरक्षण मञ्च नेपाल झापाले बिर्तामोडमा वृहत गौ हत्याको विरोध गर्दै गाई मार्ने षड्यन्त्रकारीलाई आजीवन कारावासको माग गरेको छ । कार्यक्रममा सहभागी वक्ताले नेपालको संविधानले राष्ट्रिय जनवार गाईलाई मानेको भन्दै गाई मार्न कसैलाई पनि छुट नभएको र गौ हत्यामा संलग्नलाई कानूनी कारवाही गर्न सरकारसँग माग गरे ।

कार्यक्रममा सतासीधाम विकास समितिका अध्यक्ष प्रसाद सुब्बाले गौहत्या जघन्य अपराध भएको भन्दै अनादिकालदेखि गोरक्षात्मक राष्ट्र नेपाल भएको र गौहत्यामा सम्लग्नलाई आजीवन कारवास हुनुपर्ने माग गरे ।

कार्यक्रममा बैदिक सनातन धर्म संरक्षण समिति नेपाल गो वंश संरक्षण मञ्च नेपाल झापाका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडा, सामाजिक अभियन्ता तिलक गिरी, पं. छन्दुराम भण्डारी, पं. शान्तिराम नेपाल, भानु शिवाकोटी, महेन्द्र प्रसाई, प्रेमप्रकाश फलाहारी, इन्द्रप्रसाद ओली, मीना अधिकारी लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन विष्णुप्रसाद खतिवडा गरेका थिए ।

# पृथ्वीको नजिकैबाट 'क्षुद्र ग्रह' देखिने

**काठमाडौं, भदौ १६।** सेप्टेम्बर १४मा एउटा क्षुद्रग्रह पृथ्वीको नजिकैबाट पार गर्दैछ । त्यो आकासिय पिण्ड पृथ्वीमा भएका सबैभन्दा अग्ला गगनचुम्मी घरको हाराहारी हुने नासाले जनाएको छ ।

वैज्ञानिकले क्षुद्रग्रहको नाम २०००क्यूडब्लू७ दिएका छन् । यसको व्यास २९० मिटरदेखि ६५० मिटरबीच रहेको अनुमान गरिएको छ । विश्वको सबैभन्दा ठूलो भवन ब्रुज खलिफाको उचाई ८२९.८ मिटर छ भने दोस्रो अग्लो भवन चीनको सांघाई टावरको उचाई ६३२ मिटर रहेको छ । २०००क्यूडब्लू७ क्षुद्रग्रह पृथ्वीको सबैभन्दा नजिक सेप्टेम्बर १४ जीएमटी समय अनुसार ११:५४मा आइपुग्नेछ ।

यो समय क्षुद्रग्रह पृथ्वीबाट ३३,१२,९४४ माइल दुरीमा हुनेछ र यसको गति १४,३६१ माइल प्रति घण्टा हुने प्रक्षेपण छ । खगोलशास्त्रीहरुले पृथ्वीको नजिक आए पनि उक्त दुरी जोखिमपूर्ण नभएकाले चिन्ता मान्नुपर्ने अवस्था नरहेको बताएका छन् । तथापि नासाको 'सेन्टर अफ निअर अर्थ अब्जेक्ट स्टडिज'ले यसको मार्गको निगरानी गर्नेछ ।

यो क्षुद्र ग्रह पछिल्लोपटक सन् २००० सेप्टेम्बर १मा पृथ्वीको नजिक आएको थियो र पुनः सन् २०३८ अक्टोबर १९मा पृथ्वीको नजिक आउने प्रक्षेपण छ । यो क्षुद्र ग्रहले हामीलाई कुनै खतरा नपुऱ्याउने भए पनि युरोपेली स्पेस एजेन्सीले पृथ्वीबाट नजिक रहेका ८६९ आकाशिय पिण्ड हाम्रो ग्रहतर्फ आउने सम्भावित भएको बस्तुको रुपमा पहिचान गरेका छन् ।

तर, ती आकाशिय पिण्डमाथि अन्तरिक्ष वैज्ञानिकले निरन्तर निगरानी राखिरहेको र निकट भविष्यमै भने कुनै जोखिम नरहेको वैज्ञानिकहरुले बताउँदै आएका छन् । यस अघि जुलाई २३ मा फुटबल मैदानजत्रो एउटा क्षुद्र ग्रह पृथ्वीबाट जम्मा ४०,३८९ माइल दुरीबाट पार गरेको थियो । यस क्षुद्रग्रहले उब्जाएको डरलाग्दो पक्ष के थियो भने यो पृथ्वी नजिकबाट पार भइसकेपछि मात्र वैज्ञानिकहरुको नजरमा परेको थियो । उक्त घटनापछि विभिन्न क्षेत्रबाट आकाशीय पिण्डमाथिको निगरानी बढाउनु पर्ने माग उठेको छ ।

# प्रविधिमैत्री बनाइँदै हिरासत कक्ष



**बिर्तामोड, भदौ १६।** इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा रहेका किरण कार्कीढोलीको रहस्यमय मृत्यु भएपछि प्रहरीले हिरासत कक्षलाई अहिले प्रविधिमैत्री बनाएको छ ।

गत वैशाखमा मेचीनगरपालिका-६ घर भएका १५ वर्षीय किशोरको शौचालयमा झुण्डिएको अबस्थामा शब फेला परेपछि प्रहरीले इलाका प्रहरी कार्यालय अनारमनीको हिरासत कक्षलाई प्रविधि मैत्री बनाएको हो ।

प्रहरीले अहिले हिरासत कक्षभित्र सीसी क्यामेरा जडान गरेको छ भने हिरासतमा रहेका थुनुवाका लागि मनोरञ्जन प्रदान गर्न टेलिभिजनको समेत व्यवस्था गरेको छ । हिरासत सुरक्षा योजना अन्तरगत हिरासत कक्ष भित्र पार्केटिङ गर्न लागिएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षम मोहन थापाले बताए ।

हिरासत कक्षमा रहेका थुनुवालाई मनोरञ्जन प्रदान गर्न हलेसी ट्रेड लिङ बिर्तामोडका सञ्चालक चुडामणि पौडेलले टेलिभिजन सेट उपलब्ध गराएसंगै इलाका प्रहरी कार्यालय अनारमनीमा रहेका थुनुवाले अब टेलिभिजन हेर्न पाउने भएका छन् । उनले इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक थापालाई टेलिभिजन सेट हस्तान्तरण गरेका थिए । यस अघि हिरासत कक्षामा सीसी क्यामेरा जडान गरिएको थियो ।

हिरासत कक्ष भित्रै व्यवस्थित शौचालय बनाइएको र साधुरो हिरासत कक्षलाई फराकिलो बनाइएको प्रहरी नायव उपरीक्षक थापाको भनाई छ । इलाका प्रहरी कार्यालय परिसरमा दुई वटा पुरुषका लागि थुनुवा कक्ष छ भने महिलाका लागि छुट्टै थुनुवा कक्ष र वालवालिकाका लागि सोधपुछ कक्ष समेत अलग्गै बनाइएको छ ।

# म्याचफिक्सिङ गर्नेलाई कारवाही !

**झापा, भदौ १६।** सरकारले खेलमा मिलेमतो (म्याचफिक्सिङ) गर्ने खेलाडी र खेलाडीलाई सहयोग गर्ने व्यक्तिलाई कारवाहीको दायरामा ल्याउने गरी नयाँ विधेयक संसदमा प्रस्तुत गरेको छ । मिलेमतो भएको प्रमाणित भएमा तीनवर्ष कैद र रू. तीस हजारसम्म जरिवानाका साथै रकमसमेत लेनदेन गरेको भए सो रकम पनि जफत गरिने विधेयकमा उल्लेख छ ।

युवा तथा खेलकुद मन्त्रालयले ल्याएको 'खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा सो प्रावधान राखिएको हो । प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिमा हाल सो विधेयक छलफलका क्रममा छ । विधेयकमाथि १२ सांसदले आ-आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गरेका छन् ।

नेपालभित्र, नेपालको प्रतिनिधित्व गरी विदेशी मुलुकमा कुनै खेलाडीसँग प्रतिस्पर्धा गर्दा कुनै खेलसँग सम्वद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धा गर्दा आउने स्वाभाविक परिणाम प्रतिकूल हुने गरी कुनै खेलाडी वा खेलाडीको समूहसँग मिलेमतो गर्न वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी गरी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्न हुँदैन । उक्त विधेयकमा उल्लेख छ । मिलोमतोका लागि उक्साउने वा मद्दत गर्ने व्यक्तिलाई समेत सो कारवाहीको दायरामा ल्याउन सकिने विधेयकमा व्यवस्था छ । हाल सो विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा आइपुगेको छ ।

विधेयकको सो प्रावधानमा सांसद विमला विश्वकर्मा र आशाकुमारी विकले संशोधन प्रस्ताव प्रस्तुत गर्दै खेलमा मिलेमतो गर्नेलाई रू. पाँच लाखसम्म जरीवाना र हदैसम्मको कारवाही गर्नुपर्ने प्रावधान राख्नुपर्ने माग गरेका छन् । सांसद विमला विश्वकर्मा भन्छिन्- खेलाडी उत्पादन गर्न राज्यको लगानी धेरै हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितमा भाग लिने खेलाडीले मिलेमतो गर्न पाइन्न । विधेयकमाथि संशोधन राख्ने सांसद दीव्यमणि राजभण्डारी नेपालको खेलप्रतिष्ठालाई उँचो बनाउन राजनीतिक प्रभावबाट मुक्त राख्नुपर्ने, खेलकुद परिषद्को विकल्पमा प्राधिकरण र सदस्यसचिवको सट्टामा कार्यकारी निर्देशकको प्रावधान राख्न आवश्यक भएको बताउँछन् ।

संशोधनकर्ता सांसद् जीवनराम श्रेष्ठ खेलकुद परिषद्को काममा व्यापक सुधार गरी खेलकुदको पुनसंरचना गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । विधेयकमा राष्ट्रिय, प्रदेश र स्थानीय स्तरका खेल संघ गठन गर्न सक्ने रहे पनि एक खेलका लागि एक भन्दा वढी संघ गठन गर्न नसकिने, एउटै व्यक्ति लगातार दुई कार्यकाल भन्दा वढी अवधिका लागि खेल संघको अध्यक्ष, महासचिव वा सचिव पदमा निर्वाचित वा मनोनित हुन नसक्ने, खेलकुद परिषद्का बहालवाला कर्मचारी, प्रशिक्षक पनि खेलसंघमा आवद्ध हुन नपाइनेजस्ता प्रावधान पनि विधेयकमा छ ।

# झण्डी डाँडालाई गुराँसे डाँडा बनाइँदै

**रोङ, भदौ १६।** रोङ-६मा रहेर प्रशस्त सम्भावना बोकेको झण्डी डाँडालाई गुराँसे डाँडामा रुपान्तरण गरिने अभियान शुरु गरिएको छ ।

समुद्र सतहबाट करिव १२ सय मिटरको उच्चाइमा रहेको यस डाँडामा रोङ गाउपालिका वडा नं ६ले यसै बर्ष ४ हजार लालीगुराँसको बिरुवा रोपेर नाङ्गो डाँडालाई गुराँसमय बनाउने भएको हो । नेपालको हिमाल, पहाड र तराइको बिभिन्न भूभागहरुको अतिरित्त भारत, भुटान र बंगलादेशसम्मको दृश्यावलोकन सूर्योदय र सूर्यास्तको मनोरम दृश्यहरु हेर्न सकिने यो डाँडो भारतको सीमाना नजिकै रहेको छ भने नेपालको पूर्बीद्वार काँकरभिट्टाबाट करिव १७ किलोमिटर उत्तरमा रहेको छ ।

भर्खरै मात्र यातायातको पहुँच पुगेको सो डाँडाको आसपासमा अजंगको गाजले भिर रहेको छ भने तराइ क्षेत्रका मानिसहरुको लागि सबैभन्दा नजिकको सूर्योदयको दृश्यावलोकनको गन्तब्य समेत बन्ने सम्भावना रहेको छ ।

अहिले स्थानीय युवाको पहलमा डाँडोमा नै खेलमैदान सिँढीहरुको संरचनाको निमाण गरिएपछि पर्यटकहरुको चहलपहल देखिन थालेको स्थानीय युवा बिनोद राईले बताए । अहिले वडा कार्यालय जिर्मलेले उक्त स्थानमा लालीगुराँस रोपेर इलाममा

लालीगुराँस पार्क निर्माण गर्न दीर्घकालीन सोचका साथ यसैबर्ष लालीगुरासको बिरुवाहरु रोपेर संरक्षण समेत गर्न लागिएको वडासदस्य केश प्रधानले बताए । नजिकैको सलकपुरमा सामसदायिक होमस्टेको स्थापना भइसकेको र पर्टटकहरुको चहलपहल बढ्न थालेपछि पर्यटकहरुको बसाइ लम्बाउन डाडोलाइ गुरासमय बनाउन अभियान थालिएको र गाउपालिका, प्रदेश र संघिय सरकारमा यस डाडाको संभावना र बिकासको बारेमा कार्यक्रम पेस गरिने तैयारी रहेको र गुरास संरक्षण अभियानमा निजी ब्यवसायि र संधसंस्थाहरुसग कुराकानी भइरहेको वडाध्यक्ष मनिकुमार तामाङ्ग सुवासले बताए ।

# बसको ठक्करले मृत्यु

**मोरङ, भदौ १६।** मोरङमा बसको ठक्करबाट एक जना ज्येष्ठ नागरिकको मृत्यु भएको छ ।

ना२ख ५२२७ नम्बरको बसको ठक्करबाट इलाम चुलाचुली गाउँपालिका वडा नं. ६की ८० वर्षीया नन्दकुमारी राईको मृत्यु भएको हो । बसबाट ओर्लिएर बाटो काट्ने क्रममा मिक्लाजुङ गाउँपालिका वडा नं. ७ मधुमल्लामा सोही बसले राईलाई ठक्कर दिएको थियो । बसको ठक्करबाट गम्भीर घाइते भएकी राईको उपचारका क्रममा उर्लाबारीस्थित अरनीको अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जानकारी दिएको छ ।


## राहदानी हरायो

**घेराबारीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७६।०४।०७ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।**

**नाम**:- दिपक गुरुङ
**ठेगाना**:- कचनकवल-३, झापा
**राहदानी नं.**:- १०४५४८४४
मो. ९८२४९१५५३८

## कतारमा सेक्युरिटी गार्डलाई रोजगार

**कम्पनी : STARK SECURITY SERVICES W.L.L** | **शहर : DOHA**

पूर्व स्वीकृति मितिः २०७६/०१/३० | चलानी नं. ६०१४०२६ | लट नं. २२०३८६

| पद | संख्या | तलब | | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Guard (Male) | १२५ | १५००/- QR | ४५,९६०/- NR | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

उमेरः १९देखि ४० बर्षसम्म ।

**यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ १९ र २० गते बिर्तामोडमा हुनेछ ।**

**Advanced Management Group Pvt. Ltd.**
Samakhusi 26, Kathmanxu, Nepal
Email: info@amgroup.com.np, Website: www.amgroup.com.np
**Jhapa Contact:** 9852682331, 9807960966

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## गोरखा डिपार्टमेन्टका सेवा सुविधा र अफर

**इटहरीको अपार सफलतापछि**

धरान, विराटचोक र पथरीका उपभोक्ताहरुको मन जित्दै चौथो शाखाको रुपमा दमकमा खोलिएको गोरखा डिपार्टमेन्ट स्टोरले आम ग्राहकहरुको विश्वास प्राप्तगरेबाट हामी उत्साहित भएका छौं । ग्राहकहरुको सेवा र सुविधाका लागि सधै सजग छौं र कमी आउन नदिने प्रतिबद्धता जाहेर गर्दछौं ।

### हाम्रा सेवाहरू

**भुइँ तलामा**
- बर्थ डे केक लगायत गोरखा बेकरीका उत्कृष्ट उत्पादनहरू
- चिसो पेय पदार्थ तथा आइसक्रिम
- ताजा सब्जी तथा फलफूलहरू
- फ्रि वाइफाईको सुविधा

**पहिलो तलामा**
- किराना सामान तथा पेय पदार्थ
- पतञ्जलीका सामानहरू ।
- सुगर फ्रि सामानहरू ।
- कस्मेटिक्स
- फ्रोजेन आइटम

**दोस्रो तलामा**
- किचन वेयर
- इलेक्ट्रोनिक्स
- खेलौनाहरू
- स्टेशनरी
- गिफ्ट आइटमहरू
- सजावटका सामानहरू

**तेस्रो तलामा**
- लेडिज तथा जेन्स जुत्ता चप्पलहरू
- रेडिमेड कपडा, सर्टिङ सुटिङ
- आकर्षक साडीहरू
- ब्याग सुटकेशहरू ।

**चौथो तलामा**
- स्वच्छ, सफा किचन
- सभा तथा सेमिनारका लागि सुविधा सम्पन्न दुईवटा हल ।
- फ्रि वाइफाई

**भाग्यशाली अफर**
- दिनमा १ पटक १ घण्टा ५ र १० प्रतिशत छुट
- बेलुका ७ बजेदेखि पुनः ५ देखि १० प्रतिशतसम्म छुट
- गोरखा किचनमा बेलुका ६ बजेपछि १० प्रतिशत छुट हुनेछ । हरेक दिन कुनै पनि समयमा २५ प्रतिशतदेखि १०० प्रतिशतसम्म छुट हुनेछ ।

## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

**बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।**

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१


## प्रेस विज्ञप्ति

मिति २०७६ भदौ १२ गतेको पूर्वाञ्चल दैनिकमा प्रकाशित पुल निर्माणको सामग्री जनप्रतिनिधिको निजी काममा भन्ने समाचारप्रति मेरो ध्यानाकर्षण भएको छ ।

अर्जुनधारा नगरपालिका वडा नं. ७मा निर्माण भइरहेको पुलमा प्रयोगमा ल्याइएको बालुवामध्ये आधा-आधार भरिएका ५ बोरा बालुवा फर्काउने सहमतिमा त्यही काम गर्ने मजदुरसँग अनुमति मागी लगिएको हो । तत्काल खोला बन्द भएको अवस्थामा आफूले निर्माण गर्दै गरेको कोठा निर्माणको लागि सो बालुवा अनमुति मै लगेर कोठा निर्माणमा लगाइएको र सो पुल निर्माणमा मिस्त्रीको रुपमा काम गर्दै आइरहेका मजदुर कामदारले पनि ५ बोरा आधा-आधार भरिएका बालुवा फर्काउनु पर्दैन भनेपछि आफूहरुले सो बालुवा प्रयोग गरेको हो । समाचारमा आए जस्तो विना अनुमति बालुवा लगिएको र श्रीमान र कामदार प्रयोग गरी बालुवा ओसारेको भन्ने समाचारले मेरो र परिवारको मानमर्दन गरेको महशुस गरेको छु । आफूले प्रयोगमा ल्याएको सो बालुवा पछि फिर्ता गर्ने पनि सम्पूर्ण नगरवासीहरुमा जानकारी गराउँदछु ।

**रिता नेपाली**
**अर्जुनधारा नगरपालिका,**
**वडा नं. ५ नगर सदस्य**


## दुबई सेक्युरिटी गार्ड र वाचमेनहरूलाई सुवर्ण रोजगारको अवसर
२१ दिनमा भिषा आउने ग्यारेन्टी

**कम्पनी : BAKEMART L. L. C.** | **शहर : DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब (AED) | तलब (NR) | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ २२ गते आइतबारका दिन बिर्तामोडमा हुनेछ ।**

**नोटः दुबईको** Magnum Security Service **कम्पनीबाट १०० जना** DPS **सेक्युरिटी गार्ड र नर्मल गार्ड वाचमेनहरुको माग भई आएको छ । सेलरी सेक्युरिटी गाडएको १२ घण्टा २८ दिनको** 1930 DHS**। वाचमेनको सेलरी १२ घण्टा २६ दिनको** 1400 DHS **एग्रीमेन्ट गरिनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

# गणेश चौथीमा किन हेर्नुहुँदैन चन्द्रमा ?

**उत्तरकुमार पराजुली**

भाद्र शुक्ल चतुर्थी अर्थात् तीजको चौथीलाई गणेश चौथी पनि भन्छन् । यस दिनपछिको रातका चन्द्रमालाई हेर्‍यो भने चोरीको आरोप लाग्छ भन्ने लोकमान्यताले गर्दा यस दिनको साँझ बडो उराठ र निरस हुने गर्छ । सफा आकाशका भाद्र शुक्ल चौथीका जुनले कम्तीमा तीन घण्टाको कर्फ्यु आदेश जारी गरेका हुन्छन् ।

यस दिन गाईवस्तुलाईँ साँझको घाँसपात गर्दा पनि घोप्टो मुख लगाई निधारमा हत्केलाको छानो हालेर हिँड्ने गर्छन् गोठालाहरू । केटाकेटीलाई खसखस लाग्छ खुस्स चोर आँखाले चन्द्रमालाई हेर्छन् । गाउँघरका हेपिएका परिवारलाई यो साँझ निकै पीडादायक हुन्छ । यही जुन देख्नाले कसैले चोरी दोष लगाउने हुन् कि भन्ने डरले साँझ नपर्दै खानपिन गरी सुतेर शान्तिको सास फेर्छन् । यस्तो त्रास फैलाउने चौथीको कथा कस्तो छ त ?

हिमालय पर्वतले आफ्नो छोरी पार्वती विष्णुलाई दिने भनी कुरा छिनेछन् । विवाह लगन भाद्र शुक्ल तृतीयाको दिन परेको रहेछ । उनले विवाहको कुरा छिनेका रहेछन् पार्वतीसित सल्लाहै नगरी । पार्वतीले मन पराएको वरचाहिँ महादेव रहेछन् । आफ्नो सल्लाह वेगर विवाहका कुरा छिनेपछि पार्वतीले आफ्ना साथीहरूसँग विष्णुसँग बिहे गरिदिए भने विष खाएर मर्छु भनिछन् । यो अलि हठी पनि छे । आत्महत्या गर्न पनि सक्छे भन्ने सोचले बिवाहका दिन साथीहरूले पार्वतीलाई कतै जङ्गलमा लगेर लुकाएछन् । पार्वतीलाई नभेटाएपछि विष्णुको विवाहको लावालस्कर खोटो मोहोरझैँ फर्किएछ ।

जे जस्तो भए पनि आखिर सन्तानको माया लागिहाल्यो । हिमालयले जताततै पार्वतीको खोजको लागि मान्छे खटाए । अर्को दिन अर्थात् यही चौथीका दिन साँझमा जङ्गलको झाडीमा पार्वती भेटिइन् । पार्वतीलाई केही दिन लुकेर बाआमालाई अझ अत्याउने इच्छा थियो । चाँडै भेटिनु परेकोले पार्वतीलाई झोँक चल्यो । ती भेटाउने अनुचरलाई तिमीले कसरी भेटाउन सक्यौ भनी पार्वतीले सोध्दा ‘दिउँसोभरि खोज्दा हार भएर फर्किँदै थियौँ (जुनतिर देखाउँदै) यही जुनको उज्यालोमा यहाँ कोही बसेजस्तो देख्यौँ र भेट्यायौँ, भनेछन् । अनि पार्वतीले जुनतिर फर्केर भनिछन्- हे चन्द्रमा, तिम्रो उज्यालोले गर्दा मेरो इच्छा पूरा भएन । म यस्तो रातिमा चोरझैँ पक्रिनु पर्‍यो । त्यसैले आज(भाद्र शुक्ल चौथी)को चन्द्रमा जसले हेर्छ उसलाई चोर बात लागेस् । यसै बेलादेखि यो चलन चलेको थियो ।

यस दिनलाई गणेश चौथी पनि भनिन्छ । विघ्नहर्ता गणेशले मिथ्या अपवाद हरण गरून् भनेर गणेश चौथी भनेर नामकरण गरिएको बताइन्छ ।

*गणेश चौथी नामकरण कसरी भयो भन्ने पौराणिक प्रसङ्ग यस्तो छ-*

एकदिन देवसभामा गणेशसमेतका देवताको उपस्थिति थियो । चन्द्रमा पनि त्यहाँ थिए । चन्द्रमाको सुन्दरता उपमा दिने लायककै थियो । यसमा चन्द्रमालाई घमण्ड पनि थियो । सभामा आम्नेसाम्नेको संजोग मिलेको थियो गणेश र चन्द्रमाको । आपसी अभिवादनपछि गणेशको शरीरलाई विकलाङ्ग ठानी चन्द्रमा खिसीको हाँसो हाँसे । यो हाँसोले गणेशलाई निकै चिड्यायो । अनि गणेशले चन्द्रमालाई भने- हेर, चन्द्रमा तिमीले आफ्नो सुन्दरताको घमण्डले मलाई हेरी खिसी गरी हाँस्यौ । अब तिम्रो मुख देख्ने जोसुकैले चोर बात सहनुपरोस् ।

गणेशको यस्तो कठोर श्रापले चन्द्रमा त खग्रास ग्रहण लागेझैँ भए नै, अन्य देवताहरू पनि निकै तनावमा देखिए । अनि सबै देवताले गणेशजीसँग चन्द्रमाको मुख हेर्दैमा दोष लाग्ने खालको श्राप नदिन अनुरोध गरे । यो अनुरोधलाई ख्याल गर्दै प्रत्येक सम्बतसरको आजकै दिनका लागि मात्र यो श्राप लागू होओस्



भनी परिमार्जन गरे । सो तिथिको चन्द्रमा हेर्नेले दोष मोचनका लागि सक्नेले यही चन्द्रदर्शन दोष कथा श्रवण गरोस्, गराओस्, नसक्नेले आश्विन शुक्ल द्वितीयाको चन्द्र दर्शन गरोस् । यी दुई मध्ये कुनै एक कार्य गरे चन्द्र दर्शन दोष मोचन हुनेछ भनी गणेशले सबैलाई आश्वस्त पारे ।

यस सम्बन्धमा अर्को पौरणिक प्रसङ्ग यस्तो छ- द्वापर युगको कुरो हो, एकदिन सत्राजित राजाले गन्यमान्य व्यक्ति आफ्ना राजसभामा बोलाएका थिए । कृष्ण पनि आफ्ना साथीसँग त्यस सभामा गएका थिए । सत्राजितले सूर्यको उपाशना गरी एक मणिमाला पाएका थिए । त्यो रातमा पनि झल्झली प्रकाश दिने मणिमालाको नाम श्यामन्तक थियो । बूढेसकालले छोएका मान्छेले लाएको गहना कति सुहाउने र ! सत्राजितले मणिमाला लाएर सभामा आउँदा कृष्णका साथीहरूले ‘ओहो यो माला त कृष्णलाई पो सुहाउँथ्यो’ भनिहालेछन् । कृष्णले पनि घुटुक्क थुक निलेथे कि कुन्नि, जे भए पनि सत्राजितका अनुचरले यस कुरालाई गम्भीरताका साथ टिपोट गरेछन् ।

एकदिन सत्राजितका भाइ प्रसेन जङ्गलमा सिकार खेल्न जान लाग्दा फर्किंदा रात पर्नसक्छ, श्यामन्तक मणिमालाको उज्यालोको भरमा आउन सजिलो होला भनी दाइसँग माला मागी लगाई गएछन् । जङ्गलमा कतै मृग लखेट्दै जाँदा प्रसेन सिंहको निशानी बनेछन् । सिंहले प्रसेनलाई गुफामा लगी खाँदै थियो । त्यसैबेला त्रेतायुगमा रामले लङ्का हान्दाका वयोवृद्ध सेनापति जाम्बवान्‌ले सिकार फलफूल खोज्न आएका बखत गुफामा अनौठो उज्यालो देखेछन् । के रहेछ बुझौँ भन्दा त मान्छेको रगतले मात्तिएको सिंहले जाम्बवान्‌लाई झम्टिहाल्यो । जाम्बवान्‌ले सिंहलाई मारी मणिमाला लिएर आफ्नो गुफामा गए । त्यो माला आफ्नी छोरी जाम्बवतीलाई खेलौनाका रूपमा दिए ।

भाद्र शुक्ल चौथीका दिन गाई लिएर वन गएका कृष्ण फर्किन अलि ढिला भयो । जसुदा नन्दले आज चाँडै आउनु, आजको जुन हेर्नुहुन्न, चाँडै खाना खाइवरी सुतौँला भनेको कृष्णले सम्झे । अनि घोप्टो मन्टो लगाएर घर फर्कँदै गरेको बेला गाईले पारेको पाइलामा सङ्लेको पानीमा जुनको छायाँ देखियो । कृष्ण झस्के । कहाँबाट के आरोप आउने हो भन्ने तापले कृष्ण छट्पटाए ।

उता सत्राजितका भाइ प्रसेन हराए भन्ने हल्ला चल्यो । गोठाला, पँधेर्नी हल्लामा कृष्णले श्यामन्तक मणिमालाका लागि प्रसेनको हत्या गरेको हुन सक्ने कुरा गाइँगुइँ चल्न थाल्यो । कृष्णलाई यो हल्लाको जानकारी भएपछि साह्रै पीर पर्‍यो । प्रसेनको खोरोबाटो लगाउन कृष्ण कस्सिए । खोज्दै जाँदा सिंहको गुफामा प्रसेनका हाडखोर भेटिए । त्यहाँ सिंह मरिरहेको थियो भने यत्रतत्र भालुका भुत्ला पनि देखिए । यसपछि कृष्ण हिँडे भालुको खोजमा । खोज्दै जाँदा कृष्ण एउटा गुफा नजिकै पुगे । गुफाभित्र झक्क उज्यालो थियो । भित्र जाँदा यौटी युवतीले श्यामन्तक मणिमाला लगाएको उनले देखे । कृष्णले सोधपुछ गरी आफू त्यही मालाको खोजीमा आएको कुरा बताए । अनि जाम्बवती अत्तालिँदै बाबुछेउ गइन् । जाम्बवान् कौनो पुत्रङ् हो मेरी छोरीको गलाको माला खोस्न खोज्ने भन्दै जङ्गिँदै आए । भनाभन चल्दाचल्दै हात हालाहाल भयो । २७ दिनसम्म लडाइँ भयो । जाम्बवान्‌ले त्रेतायुगको लङ्काको युद्ध सम्झे । अनि सम्झे रामलाई र रावणको सुन, चाँदी, जवाहरतले मडिएको स्नानकक्षलाई । आफूलाई दान दिइसकेको लङ्का (रामेश्वरमै विभिषण भेट्न गएको बेला लङ्काको तिलक दिएका)बाट विभिषणलाई एक आखर सोध्दैनसोधी स्नानकक्ष देखी लोभिएर अयोध्या लैजानको लागि हनुमानलाई उखेल्न लगाउने रामलाई । त्यसै बेला कृष्णलाई पनि पुर्वजन्म (राम भएको बेला)को सम्झना भयो । आफ्नै नैतिकवान् सेनापति जाम्बवान् जसले युद्ध जितेर कुनै जितौरीको आस गरेनन्, मालिकलाई उचित सल्लाह दिँदा पछिपरेका वा भनौँ पारिएका व्यक्तिलाई पनि सम्झे । अघिल्लो जन्ममा गरेका गल्तीको प्रायश्चित गर्दै कृष्णले हात जोरेर इतिवृत्त बताए । जाम्बवान्‌ले पनि सबै कुरा बुझेपछि आफ्नी छोरी जाम्बवती कृष्णलाई दिएर(विवाह गरिदिए) र श्यामन्तक मणिमाला दाइजो(उपहार) दिए ।

श्यामन्तक मणि र प्रसेनको इतिवृत्त कृष्णले सत्राजितलाई बुझाए । अनावश्यक आरोप लगाइएकोमा सत्राजितलाई पछुतो लाग्यो । आफ्नी छोरी सत्यभामालाई कृष्णसँग विवाह गरिदिएर त्यही मणिमाला उपहार दिए ।

त्यसै गरी अहिले पनि तीजको चौथी देखियो भने त्यसको दोष निवारणका लागि कि त ऋषि पञ्चमीका कथा सुन्ने वा निम्न मन्त्र जप्ने चलन छ-

सिंहः प्रसेतमवधित् सिंह जाम्बावताहत । सुकुमारक मारोदी तवह्येष श्यामन्तकः भन्नुपर्छ भनिन्छ ।

गणेश चौथी हेर्दा अनिष्ट हुने भन्ने कुरासँग वैज्ञानिक तर्क त छैनन् तर यस प्रसङ्गमा जोडिएका कथा प्रसङ्गले केही सन्देशहरू भन्ने पक्कै छोडेको छ ।

१. **मागेका गहनाले ल्याउने लफडा-** अर्काका गहना लगाई नाककान दुखाइ भन्छन् । प्रसेनका गहनाले त कृष्णलाईसम्म बदनामी र लफडातिर तान्यो ।

२. **अनावश्यक ठट्टाले ल्याउने झमेला-** कृष्णका साथीले यो मणिमाला त सत्राजितलाईभन्दा कह्नैयालाई सुहाउँथ्यो नभनेका भए कृष्णलाई विवादमा तानिन पर्ने थिएन ।

३. **निराधार आरोपले आफैलाई हानी गर्छ-** कृष्णले मन कल्पाएका थिए । उनैले प्रसेनलाई मारेर लिए होलान्, श्यामन्तक मणिमालाका लागि भन्ने आरोपले आखिरमा सत्राजितलाई नै लज्जित पार्‍यो, निहुर्‍यायो ।

४. **वरिष्ठ व्यक्तिको अर्ती उपदेश अपहेलना गर्दा दुःख पाइन्छ -** रावणको स्नान कक्ष विभिषणसँग नमागी लैजानुहुन्न भन्ने जाम्बवान्‌को कुरा नीतिसम्मत थियो । रामले जाम्बवान्‌को कुराको वास्ता नगरी हनुमानलाई उखेल्न लगाए । तर, स्नानकक्ष उखेलिएन । रामले रातो मुख लगाई फर्कनुपर्‍यो । आफ्नो गल्ती स्विकारेनन् बरु जाम्बवान्‌सँग ठुस्सिए । भलै अर्को जन्ममा होस्, जाम्बवान्‌को सत्ताईस दिने घम्साघम्सीले कृष्णको होस् खोल्यो र माफी मागे । आफ्नै हितको लागि हित चिन्तकले दिएको अर्तीको अपहेलना गर्दा दुःख पाइन्छ जसको प्रायश्चित अनिवार्य छ । बोक्रे सुन्दरताको घमण्डले अपयशको भागिदार बन्नुपर्छ भन्ने यस प्रसङ्गका प्रमुख सन्देश हुन् ।

# ऋषि पञ्चमीको महत्व

**ज्यो. मधुसूदन रिजाल**

आज ऋषिपञ्चमी व्रत, सप्तर्षीको पूजा गरिन्छ । यो पर्व पनि तीज अन्तर्गत नै पर्दछ । यो पर्व विशेष गरेर हिन्दू महिलाहरुले गर्ने गर्दछन् । आजको दिनमा महिलाहरु विहानै उठेर नदीकिनारामा गएर वर्षभरिको (३६५) दिनको दतिउनले दात माझ्ने र स्नान गर्ने परम्परा रहेको छ । विशेष गरेर महिनावारी भएका महिलाहरुले यो पर्वलाई विशेष गरेर मनाउने गरेको पाइन्छ किनभने महिनावारीको समयमा कुनै त्रुटी हुन गएको भए आजको दिनमा पूजा गर्नाले त्यस पापबाट मुक्ति पाइन्छ भन्ने कथा प्रसंग रहेको छ ।

भविष्य पुराण अनुसार विदर्भ देशमा बस्ने उत्तड नामका ब्राम्हणका एक छोरा एक छोरी थिए । छोरो सानै उमेरमा वेदमा पारङ्गत थियो भने छोरी पूर्व जन्मको पापको कारणले सानै कलिलै उमेरमा विधवा भइछन् । एकपटक छोरीको शरीर भरि खटिरा आएर कीरा परेछ । यस्तो बज्रपात छोरीमाथि किन भयो भनी बुझ्दा छोरी रजस्वला भएको बेलामा छुवाछूत वार्दिन थिइ र ऋषिपञ्चमी व्रतको पनि अवहेलना गर्थी । व्रत नलिए पनि पञ्चमी पूजा भने हेर्दथी यसै पुण्यले उसको जन्म ब्राम्हणको परिवारमा भएको थियो । यस्तो थाह पाएपछि माता पिताले छोरीलाई पञ्चमीको व्रत बस्न लगाए । अनि उ पाप मुक्त भएर सुखी जीवन विताउन थाली ।

रजश्वला नारीलाई प्रथम दिनमा चण्डाल्नी, दोस्रो दिनमा ब्रह्मघातिनी, तेस्रो दिनमा धोविनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छन् भन्ने विश्वास गरिन्छ । पञ्चमीको दिन तिन सय पैसट्ठी वटा अपमार्गले दत्तिवन गर्नुपर्दछ । माटोले नुहाउनु पर्दछ । पञ्चकब्य सेवन गर्नुपर्दछ भन्ने विधान गरिएको छ ।यो सप्तर्षिको पूजा हो । सप्तर्षिमा गौतम, भारद्वाज, जमदग्नी, वशिष्ठ, अत्रि, कश्यप, विश्वामित्र पर्दछन् । यिनका साथमा अहिल्याको समेत पूजा गरी शौभाग्यका वस्तु समेत चढाइन्छ ।

यसै विश्वासलाई आधारमानी अहिलेको एक्काइसौ शताब्दिमा ऋषिपञ्चमीको पूजा गरिन्छ । यो पूजा गर्दा प्रयोग गरिने सरसामानहरु पौराणिक रुपमा मात्र नभएर वैज्ञानिक रुपले पनि महिलाहरुलाई अति प्रभावकारी र स्वस्थ्यवर्धक मानिएको छ । यसरी हाम्रो संस्कार संस्कृतिमा नै वैज्ञानिक तथ्य जोडिएर ल्याएको हुँदा यसको अनुशरण गर्दा हाम्रो संस्कृति र परम्पराको जगेर्ना हुनाका साथै हाम्रो स्वास्थ्य र जीवन पनि निरोगी बन्न सक्छ । यसरी कन्या कुमारीहरुले असल पतिको कामना लिएर यो पर्व मनाउनका पछाडि पनि परोक्ष रुपमा यही नै आशय रहेको छ कि जुन घरका पति-पत्नी मिलेर बसेका छन् ।

जसका आपसमा प्रगाढ प्रेम र सद्भाव रहेको हुन्छ र जहाँ एकअर्काप्रति पारस्परिक सहयोगी बन्नेगरेका छन् । वास्तमा त्यो घर-घर मात्र नभई आफैमा मन्दिर बनिरहेको हुन्छ त्यस्ता घरमा भगवान्‌ले आफै आएर निवास गरिरहेको पनि हुन्छ । अनि जुन घरमा भगवानको निवास हुन्छ त्यस्तो घरमा सुखभोग लगायतका चाहेका कुरा सँधै पुगिरहेको हुन्छ ।

भाद्र शुक्ल पञ्चमी तिथिमा ऋषिहरुलाई पूजा गरिने हुँदा दुबैलाई मिलाएर ऋषि पञ्चमी भनेर भनिएको हो । यस पञ्चमीमा रजश्वला भइसकेका हिन्दू नारीहरुले मात्र सप्तऋषिहरुको पूजा गर्ने परम्परा रहेको छ । रजश्वलाको समयमा अज्ञानतावस कुनै अपृस्य बस्तुहरु छोइएको भए, त्यस दोषबाट मुक्त पाउनको लागि ऋषिपञ्चमीको पूजा गर्ने विशेष रुपमा प्रचलन रहेको छ ।

**सप्तऋषिमुनि को–को हुन् त ?**

**(१) महर्षि वशिष्ठः** यी ब्रम्हाका मानसपुत्र हुन् । यिनकी पत्नीको नाम अरुन्धती थियो । यिनी आफ्ना पति वशिष्ठ जस्तै महान विदुषी र पतिव्रता थिइन् । यि ऋषि नारदका बहिनी ज्वाइ हुन् । वशिष्ठ ऋषिको आश्रम अयोध्या नजिक थियो । सूर्यवंशी राजाले यिनलाई पधान पुरोहितको पद दिएका थिए । अयोध्या राज्यमा यिनका ठूलो आदर र सम्मान थियो । सूर्यवंशी राजाहरुलाई राजपाठ सिकाउने गर्थे , महर्षि वशिष्ठ राजा दशरथका गुरु एवम् पथप्रदर्शक थिए । त्यस्तै श्रीरामका पनि यिनी गुरु थिए, यिनकै निर्देशनमा अयोध्याको राज्य सञ्चालन हुन्थ्यो । वाल्मीकीय रामायण, रामचरित्रमानस आदि ग्रन्थमा महर्षि वशिष्ठको प्रखर पण्डित्याइँको पराकाष्ठाले पाठकलई प्रभावित गर्दछ । वशिष्ठ आफ्नो अपार ज्ञान, दूरदर्शिता, अद्भूत प्रतिभाका आदि सद्गुणका कारणबाट यिनी धार्मिक इतिहासमा अमर छन् ।

**(२) महर्षि अत्रिः** यी अत्रि ब्रम्हाका मानसपुत्र हुन् । यिनकी धर्मपत्नीको नाम अनसूया हो । यिनी अत्याधिक तपस्विनी एवम् विदुषि थिइन् । भगवान रामचन्द्र वनगमनको समयमा सीता र लक्ष्मणसहित यिनै ऋषिको आश्रममा पुगेका थिए । जहाँ सती अनुसूयाले सीतादेवीलाई सदुपदेश र आशिर्वाद दिएकी थिइन् । महर्षि अत्रिले पनि सीता, राम र लक्षणलाई अत्याधिक स्नेह र सत्कार गरेका थिए । महर्षि ठूला ज्ञानी एवम् वेदका ज्ञाता थिए । धर्मशास्त्रकार पनि थिए । अहिलेसम्म पनि यिनले लेखेका धर्मशास्त्रका पाण्डुलिपि सुरक्षित रहेका छन् । अत्रिसंहिता र अत्रिस्मृति ग्रन्थमा मानव कल्याण्का लागि प्रशस्त शिक्षा समाहित छ । अत्रि सामाजिक समन्वयका संदेशबाहक थिए । यिनले छुवाछूतको विरोध गरेर समाजलाई समानतामूलक सन्देश दएका थिए । अत्रिस्मृति पुस्तकमा नौ अध्याय छन् । जसमा योग प्रणायामको विधि रहेको छ । सर्वप्रथम अत्रिले सूर्य, चन्द्र ग्रहणको बारेमा जानकारी दिएको धर्मग्रन्थमा पाइन्छ । यी ऋषि दम्पतीको तपस्याबाट प्रभावित भएर ब्रम्हा ,विष्णु र महेशले दर्शन पनि दिएका थिए ।

**(३) महर्षि अंगिराः** ब्रम्हाका मानसपुत्र अंगिरा महर्षि एक छोरा हुन् । ज्ञान, भक्ति र कर्मको समन्वयात्मक उपदेश दिएर यिनले सामजिक मान्यता बढाएका छन् । आफ्नो कठोर तपस्याद्वारा यिनले अपार शक्ति प्राप्त गरेका थिए । जसको अगाडि अग्नि देवको प्रकाश पनि फिक्का हुन्थ्यो । आत्मा, परमात्मा, पञ्चभुत तथा सांसारिक विषयमा महर्षि अंगिराद्वारा पर्याप्त उपदेश शिक्षा ज्ञान दिइएको छ । ‘ब्रह्मसूत्र’ र ‘मुंडकोपनिषद्’ आदि ग्रन्थमा यिनले ठूलो गुढ र रहस्यमय विचार व्यक्त गरेका छन् ।

**(४) महर्षि मरीचिः** श्रीमद्भागवतका अनुसार ब्रह्माका दश मानस पुत्र मध्ये मरीचि पनि एक पुत्र हुन् । यिनकी पत्नीको नाम कला थियो । यिनका दुईछोरा सम्भूति र पूर्णभास र आठ छोरीहरु थिए । यिनै मरीचि दक्षप्रजापतिको यज्ञमा सम्मिलित पनि भएका थिए । ब्रह्माको सृष्टिकार्यमा संलग्न रहेकाले यिनलाई द्वितीय ब्रह्मा पनि भनेर भनिन्छ । महर्षि मरीचिले दिएको दण्डनीति निक्कै उपयोगी रहेको छ ।

**(५) महर्षि पुलस्त्यः** ब्रह्माका दश मानसपुत्र मध्ये पुलस्त्य पनि एक पुत्र हुन् । यिनको जन्म ब्रह्माको कठस्थ प्राणवायुबाट यज्ञाहूतिको समयमा भएको थियो । यिनको विवाह महाभारतका अनुसार तृणविंदु राजाकी सुपुत्री गौ नामकी कन्यासँग भएको थियो । यी दम्पतीका छोराको नाम अगस्त्य र विश्रवा हो । यिनै महर्षिका नातिहरु रावण र कुवेर हुन् । रावण र कुवेर पुलस्त्य योगविधाका आचार्य मानिन्छन् । ऋषि पुलस्त्यले देवर्षि नारदलाई वामन पुराणको ज्ञान दिएका थिए । संक्षिप्तमा यिनलाई सप्तर्षिमा प्रखर पंडित, विद्वानको प्रतिका रुपमा मानिन्छ ।

**(६) महर्षि पुलहः** यी ऋषिको जन्म ब्रह्माको नाभीबाट भएको मानिन्छ । यिनी राजा दक्षका ज्वाइँ हुन् । यिनीकी पत्निको नाम क्षमा हो भने छोराहरु कर्दम, उर्वरीयान, सहिष्णुर कनकपीठ हो । छोरीको नाम पीवरी थियो । महर्षि पुलह जगतको आध्यात्मिक शक्तिको विकासका लागि मठोर तपस्यामा संलग्न रहे । प्रतिकात्मक सप्तर्षि आज पनि आकाशमा रहेर सामाजिक समन्वयको संदेश दिन्छन् ।

**(७) महर्षि क्रतुः** ब्रह्माका मानसपुत्र तथा षोडश प्रजापतिमा एक महर्षि क्रतुको सप्तर्षिमा एक विशिष्ट स्थान छ । आफ्नी धर्मपत्नी संततीका साथमा कठोर तपस्या गर्नेवाला महर्षिका बालखिल्य पुत्र भगवान सूर्यको रथ अगाडि हिँड्न सक्थे र तपस्या पनि गर्न सक्थे । महर्षि क्रतु पुराणका पथ-प्रदर्शक रहेका छन् । श्रीमद्भागवतका अनुसार महर्षि क्रतुको विवाह कर्दम भन्ने नारीसँग भएको थियो । जसका पुत्र बालखिल्य रहेका छन् ।

# १२ देशमा एकैसाथ ‘पासवर्ड’



बलिउड अभिनेत्री सन्नी लियोनीले नृत्य गरेका कारण चर्चामा रहेको फिल्म ‘पासवर्ड’ यही भदौ २७ गतेबाट देशभर प्रदर्शनमा आउँदैछ ।


सम्राट बस्नेत निर्देशित यस फिल्मको प्रिमियरमा सहभागी हुन र प्रचारमा सघाउन सन्नी नेपाल आउने कार्यक्रम छ । उनलाई स्वागत गर्न अहिले निर्माण टिमले विशेष तयारी शुरु गरेको छ । फिल्ममा उनको नृत्यसँगै अभिनय पनि रहेको बताइएको छ ।

यो फिल्म नेपाल प्रदर्शनको दुई साता पछाडि विदेशका १२ देशका २४ शहरमा एकसाथ प्रदर्शन हुने निश्चित भएको छ । मलेसिया, जर्मनी, पोर्चुगल, क्यानडा, दुबई, अमेरिका, अस्ट्रेलिया, कोरिया, जापान, भारतलगायतका देशमा फिल्म एकसाथ प्रदर्शन हुने फिल्मका कार्यकारी निर्माता अंकित गौतमले जानकारी दिए । सेप्टेम्बर २७ अर्थात् असोज १० फिल्मको विदेश प्रदर्शन शुरु हुनेछ ।

यो फिल्मको अधिकांश छायांकन युकेमा भएको हो । नेपालबाट चोरिएर लण्डन पुऱ्याइएको मन्दिरको मूर्तिलाई नेपाल ल्याउन मुख्य पात्रले गर्ने संघर्षमा फिल्म आधारित छ । एक्सन- लभस्टोरी फिल्ममा सन्नीसँगै अनुपविक्रम शाही, विक्रम जोशी, बुद्धि तामाङ, रविन्द्र झा, प्रविण खतिवडा, धिरेन शाक्य, छुल्ठिम गुरुङलगायतका कलाकारहरुको अभिनय छ ।

निर्देशक बस्नेत स्वयम्‌को द्वन्द्व निर्देशन रहेको फिल्ममा अर्जुन पोखरेलको संगीत छ । अमरजीत सिंहको छायांकन र शौरभ लामाको डिओपी रहेको फिल्मको पटकथा निर्देशक बस्नेत र महेश दवाडीले लेखेका हुन् । भने, कथा सिमा गुरुङको हो । फिल्ममा अमित बस्नेत र हिराल जोशी निर्मातामा छन् । अभिनेत्री सन्नीका कारण फिल्मले बक्सअफिसमा राम्रो पैसा छाप्ने विश्वास निर्माण टिमलाई छ ।

# विवाहपछि किन मोटाउँछन् महिलाहरू ?



दुब्लो भएका युवा युवती विवाह पछि मोटाएका हामीले देखेका छौं । अझ साथी भाइहरुबीच त बिवाहपछि त मोटाइस् नी भन्ने प्रतिक्रिया दिने गरिएको सुनिन्छ । विवाहपछि किन मोटाउछन् त पातला मानिस यसबारे अनुसन्धान भइरहेको छ । फेमिली सिस्टम एण्ड हेल्थ जर्नलमा प्रकाशित एक अनुसन्धानका अनुसार विवाह पछि थुप्रै महिला र पुरुषको तौल तेज रुपमा बढ्ने गर्दछ । यस्तै एक अन्य अनुसन्धानका अनुसार विवाहको ५ वर्षभित्र करिब ८२ प्रतिशत जोडीको तौल ५ देखि १० किलो बढ्ने गर्दछ । विशेषज्ञका अनुसार तौल बढ्नुमा हाम्रो परिवर्तित जीवनशैली र बडी चेञ्ज नै हो ।

- हर्मोनल चेन्ज विवाहपछिको परिवर्तित दैनिकी र जीवनशैलीका कारण शरीरमा थुप्रै हर्मोनल चेञ्ज हुने गर्दछ । यो तौल बढाउनका लागि जिम्मेवार हुनसक्छ ।

- निन्द्रा नपुग्नु विवाह पछि व्यस्त समय तालिकाका कारण थुप्रै मानिसहरु पर्याप्त निदाउन पाउँदैनन् । अध्ययनका अनुसार दैनिक ७-८ घण्टा राम्रोसँग नसुत्दा शरिरको मेटाबोलिजम कम हुने गर्दछ जसले तौल बढ्ने गर्दछ ।

- तनाव विवाहपछि जीवनमा आएको परिवर्तनका कारण मानिसहरु तनावमा हुन्छन् । यस्तो अवस्थामा भोक बढाउने हर्मोनको लेभल बढ्ने गर्दछ जसले तौल बढ्ने गर्दछ ।

- सोचमा परिवर्तन मानिसहरु विवाह पहिले राम्रो देखिनका लागि आफ्नो डाइट र फिटनेसमा पूरा ध्यान दिने गर्दछन् तर विवाह पछि जीवनशैलीमा परिवर्तन हुने भएका कारण यस्ता कुराहरु छुट्ने गर्दछ जसले तौल बढ्छ ।

- दैनिकीमा परिवर्तन एक्लै हुँदा आफूलाई फिट राख्नका लागि पर्याप्त समय निकाल्न सकिन्छ तर विवाह पछि प्राथमिकता परिवर्तन हुन्छ । मानिसहरु व्यायमको लागि समय निकाल्न सक्दैनन् । शारिरिक रुपमा निष्क्रिय हुने भएका कारण तौल बढ्ने गर्दछ ।

- उमेरको असर आजकाल धेरैजसो मानिस २८-३० वर्षमा सेटल भएपछि विवाह गर्दछन् । जबकी अध्ययनका अनुसार ३० वर्षपछि हाम्रो शरिरको मेटाबोलिजमको रेट कम हुन्छ जसका कारण तौल बढ्छ ।

- आउटिंग विवाह पछि हनिमुन जाँदा बाहिरको खाना साधारण हुन्छ । यसका साथै धेरैजसो जोडी विकेन्ड र आउटिंग भन्दै बाहिर खाना खान रुचाउँछन् । यी हाइ क्यालोरी खाना तौल बढाउनको लागि जिम्मेवार हुन्छन् ।

- डाइटमा परिवर्तन विवाह पछि आफन्तकोमा जानु पर्ने रितिरिवाज हुन्छ जहाँ धेरैजसो हेभी खाना हुने गर्दछ । धेरै जोडीको खाना खानको लागि निश्चित समय पनि हुँदैन । यसले तौल बढ्छ ।